मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक ५२ ● २०८२ साल पौष २२ गते मंगलबार ● Tuesday 06, January 2026 ● सूर्योदय: बिहान ०६:५५ बजे ● सूर्यास्त: साँझ ५:२७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेशमा पहिलोपटक महिला निर्वाचन अधिकृत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका ६४ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये पहिलोपटक महिलालाई निर्वाचन अधिकृतको रूपमा खटाउने निर्णय गरिएको छ ।
निर्वाचन आयोगले आगामी २१ फागुनका लागि तय प्रतिनिधिसभा निर्वाचनको तयारीस्वरूप मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूको जिम्मेवारी तोक्ने क्रममा सर्वोच्च अदालतमा कार्यरत इजलास अधिकृत नूतन झालाई पर्सा–४ प्रतिनिधिसभा निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतका रूपमा नियुक्त गरेको हो ।
निर्वाचन आयोगका अनुसार यसपटक देशभरका १ सय ६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृत खटाइएको छ । तीमध्ये ७७ जना न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतका रूपमा जिम्मेवारी दिइएको छ भने न्याय सेवाका अन्य ८८ जना सहसचिव तथा उपसचिवलाई निर्वाचन अधिकृतका रूपमा खटाइएको आयोगले जनाएको छ ।
निर्वाचन अधिकृतहरूलाई २ माघदेखि सम्बन्धित निर्वाचन क्षेत्रमा कार्यालय स्थापना गरी निर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम सुरु गर्न निर्देशन दिइएको छ ।
निर्वाचन कार्यतालिकाअनुसार प्रत्यक्षतर्फका उम्मेदवारहरूको मनोनयन दर्ता ६ माघदेखि सुरु हुने निर्वाचन आयोगले जनाएको छ ।

# वीरगंजमा बढ्दो तनाव नियन्त्रण गर्न कर्फ्यु जारी





**हरिशंकर शर्मा**
**वीरगंज ।**
वीरगंज महानगरपालिका क्षेत्रमा बढ्दो तनाव नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालय पर्साले कर्फ्यु आदेश जारी गरेको छ । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम जारी कर्फ्यु सोमबार साँझ ६ बजेदेखि मङ्गलबार बिहान ८ बजेसम्म लागू रहने प्रशासनले जनाएको छ ।
कर्फ्यु लागू हुने क्षेत्र पूर्वमा बाइपास रोड, पश्चिममा सिर्सिया पुल, उत्तरमा पावर हाउस चोक र दक्षिणमा शङ्कराचार्य गेटसम्मको चार किल्लाभित्र सीमित गरिएको छ । यस अवधिमा तोकिएको क्षेत्रभित्र कुनै पनि प्रकारको आवतजावत, भेला, जुलुस, प्रदर्शन वा घेराउ गर्न पूर्ण रूपमा निषेध गरिएको छ ।
प्रशासनका अनुसार सम्भावित जोखिमलाई मध्यनजर गर्दै शान्ति सुरक्षा कायम राख्न कर्फ्यु जारी गर्नुपरेको हो । कर्फ्यु अवधिमा सुरक्षाकर्मीले कडा सुरक्षा व्यवस्था अपनाउने जनाउँदै अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन सर्वसाधारणलाई अनुरोध गरिएको छ । बाहिर निस्कनै परे नजिकका सुरक्षाकर्मीसँग समन्वय गर्न वा प्रहरी नियन्त्रण कक्ष (१००) मा सम्पर्क गरी अनुमति लिन आग्रह गरिएको छ ।
यद्यपि अत्यावश्यक सेवालाई कर्फ्युको दायराबाट छुट दिइएको छ । एम्बुलेन्स, दमकल, शव वाहन, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, पर्यटक, मानवअधिकारकर्मी, कूटनीतिक सवारी साधन तथा हवाई टिकट भएका यात्रुहरूको आवागमनमा सहजीकरण गरिने प्रशासनले स्पष्ट पारेको छ ।
यसअघि सोमबार दिउँसो १ बजेदेखि निषेधाज्ञा आदेश जारी गरिएको थियो । जिल्ला सुरक्षा समितिको निर्णयअनुसार पूर्वमा बसपार्क, पश्चिममा सिर्सिया पुल, उत्तरमा पावर हाउस चोक र दक्षिणमा शङ्कराचार्य गेटसम्मको क्षेत्रमा भेला, सभा, जुलुस तथा प्रदर्शनमा पूर्ण प्रतिबन्ध लगाइएको थियो । निषेधाज्ञा अर्को आदेश नआउञ्जेलसम्म कायम रहने र उल्लङ्घन गर्नेलाई कानूनअनुसार कडा कारबाही गरिने चेतावनी दिइएको छ ।
हालको तनाव हिन्दू धर्म, देवी देवता, पर्व तथा मन्दिरहरूप्रति अभद्र टिप्पणी गर्ने व्यक्तिमाथि कारबाहीको माग गर्दै विभिन्न हिन्दू संघसंस्थाले सोमबार आयोजना गरेको विरोध प्रदर्शनपछि उत्पन्न भएको हो । निषेधाज्ञा हुँदाहुँदै पनि प्रदर्शनकारी सडकमा उत्रिएपछि प्रहरीसँग झडप भएको प्रहरीले जनाएको छ ।
विरोध प्रदर्शनको क्रममा आदर्शनगर, लाठ गल्ली चोक, छपकैयाको इदगाह चोक, अलखिया चोक र मुर्ली चोकलगायत केही स्थानहरु आन्दोलनकारी र प्रहरीबीच झडप समेत भएको थियो । प्रदर्शनकारीले इदगाह चोकमा एउटा मोटरसाइकलमा आगजनीसमेत गरेका थिए । यद्यपि घण्टाघर र माइस्थानजस्ता मुख्य चोकहरू शान्त रहेका थिए । प्रशासनले सर्वसाधारणलाई संयमता अपनाउन, शान्ति सुव्यवस्था कायम राख्न सहयोग गर्न र अनावश्यक भीडभाड नगर्न आग्रह गरेको छ । स्थिति सामान्य भएपछि थप सूचना जारी गरिने प्रशासनले जनाएको छ ।

- **पत्रकारमाथि आक्रमणमा पत्रकार महासंघको आपत्ति**

नेपाल पत्रकार महासंघ, पर्सा शाखाले पछिल्लो समय वीरगंजसहित विभिन्न स्थानमा धार्मिक समुदायका प्रदर्शनका क्रममा समाचार संकलनमा खटिएका सञ्चारकर्मीमाथि भएका आक्रमण र दुर्व्यवहारप्रति गम्भीर आपत्ति जनाएको छ ।
महासंघले जारी गरेको प्रेस विज्ञप्तिमा भोजपुरी टाइम्स दैनिकका कार्यकारी सम्पादक श्रवण साहमाथि प्रदर्शनको दृश्य खिच्ने क्रममा प्रदर्शनकारीले मोबाइल खोसी आक्रमण गरेको घटनालाई निन्दनीय र आपत्तिजनक कार्यको रूपमा उल्लेख गरिएको छ । विज्ञप्तिमा समाचार संकलनमा संलग्न पत्रकारमाथि गरिएको आक्रमण र अवरोध प्रेस स्वतन्त्रता तथा नागरिकको सुसूचित हुन पाउने अधिकारमाथिको ठाडो हस्तक्षेप भएको स्पष्ट गरिएको छ ।महासंघले प्रदर्शनकारीलाई स्वतन्त्र प्रेसविरोधी गतिविधि नगर्न सचेत गराउँदै पत्रकारमाथि आक्रमण गर्ने दोषीहरूलाई तत्काल कानूनी दायरामा ल्याउन सम्बन्धित निकायसँग जोडदार माग गरेको छ । साथै, धार्मिक समुदायका प्रदर्शनसँग सम्बन्धित समाचार सामग्रीको प्रसारण तथा प्रकाशन गर्दा संयमता र सावधानी अपनाउन आम सञ्चारकर्मीहरूलाई अपिल गरिएको छ ।
पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६) अनुसार जात, धर्म, सम्प्रदाय, भाषा तथा संस्कृतिबीचको सद्भावमा खलल पु¥याउने खालका सामग्री उत्पादन, प्रकाशन र प्रसारण गर्न नहुने व्यवस्था रहेको महासंघले स्मरण गराएको छ ।
महासंघ पर्साका सचिव विजयकुमार महतोद्वारा हस्ताक्षरित विज्ञप्तिमा केही सञ्चारकर्मीहरूले आचारसंहिताविपरीत सामग्री प्रकाशन तथा प्रसारण गरेको पाइएको उल्लेख गर्दै, लाइभ सूचना प्रवाहका क्रममा आएका कतिपय अभिव्यक्तिले साम्प्रदायिक सद्भावमा नकारात्मक असर पार्न सक्ने भन्दै महासंघले त्यसप्रति गम्भीर निगरानी गरिरहेको जनाएको छ ।
महासंघले सम्पूर्ण पत्रकारलाई आचारसंहिता पालना गर्दै व्यावसायिक धर्म निर्वाह गर्न आग्रह गरेको छ । साथै सरोकारवाला सबै पक्षलाई संवैधानिक अधिकार प्रयोग गर्दा धार्मिक तथा साम्प्रदायिक सद्भावमा प्रतिकूल असर नपर्ने गरी जिम्मेवार अभिव्यक्ति दिन, प्रेस स्वतन्त्रताको सम्मान गर्न तथा सञ्चारकर्मीहरू सुरक्षित र भयरहित वातावरणमा समाचार सम्प्रेषण गर्न पाउने अवस्था सुनिश्चित गर्न अपिल गरेको छ ।

- **अतिरञ्जना नगरौँः प्रहरी**

धनुषा जिल्लामा मस्जिद तोडफोडको घटनाप्रति विरोध जनाउँदै पर्सामा मुस्लिम समुदायले आइतबार गरेको प्रदर्शनका समाचार केही सञ्चार माध्यममा अतिरञ्जित र भ्रमपूर्ण रूपमा प्रस्तुत भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । पर्सा प्रहरीका प्रवक्ता, प्रहरी नायब उपरीक्षक (डीएसपी) राजु कार्कीले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा विरोध प्रदर्शनका क्रममा कुनै पनि सार्वजनिक वा निजी सम्पत्तिमा हानि–नोक्सानी नभएको उल्लेख छ । धनुषाको कमला नगरपालिकास्थित एक मस्जिदमा तोडफोड र धार्मिक कागजातहरू जलाइएको घटनाको विरोधमा वीरगंजका मुस्लिम समुदायले टायर बाल्दै प्रदर्शन गरेका थिए । प्रहरीका अनुसार यस क्रममा कुनै ठूलो क्षति वा अप्रिय घटना भएको छैन । प्रहरीले आफ्नो आधिकारिक धारणा नभएको यस्ता भ्रमपूर्ण समाचारहरूबाट सर्वसाधारण प्रभावित नहुनु र शान्ति कायम राख्न सबैलाई अपिल गरेको छ ।

## चिसो लहर (Coldwave) का कारण मानिसमा पर्न सक्ने सम्भावित प्रभावहरू

चिसो लहरले विशेष गरी जेष्ठ नागरिक, बालबालिका, गर्भवती महिला, दीर्घरोगी, गरिब तथा खुला स्थानमा बसोबास गर्ने समुदायमा गम्भीर असर पार्ने गर्दछ । यसका प्रमुख प्रभावहरू निम्न छन्:
- श्वासप्रश्वास सम्बन्धी रोगहरू (निमोनिया, दमको समस्या बढ्नु)
- हृदयघात र उच्च रक्तचापको जोखिम बढ्नु
- हाइपोथर्मिया (शरीरको तापक्रम असामान्य रूपमा घट्नु)
- बालबालिकामा झाडापखाला, रुघाखोकी तथा संक्रमणको जोखिम
- वृद्धवृद्धामा मृत्युदर बढ्नु
- स्वास्थ्य सेवा पहुँच कमजोर भएका क्षेत्रमा समयमै उपचार नपाउँदा जटिलता बढ्नु

यसैले चिसो लहरलाई मौसमी असुविधा मात्र नभई सार्वजनिक स्वास्थ्य आपतकालीन अवस्थाका रूपमा लिनु आवश्यक छ ।

**जिल्ला–प्रदेश तहको भूमिकासहितको समन्वित मन्तव्य**
"आजको यस भर्चुअल बैठकमार्फत चिसो लहरका कारण उत्पन्न स्वास्थ्य जोखिमहरूबारे साझा बुझाइ बनाउने र समन्वित रूपमा अगाडि बढ्ने उद्देश्य राखिएको छ । चिसो लहरले विशेषगरी जोखिम समूहमा गम्भीर असर पारिरहेको सन्दर्भमा हामी सबै तहबाट जिम्मेवार र तत्पर हुन आवश्यक छ ।"

**जिल्ला तहले गर्नुपर्ने कार्यहरू:**
- स्वास्थ्य संस्थाहरूलाई चिसो लहरसम्बन्धी केस व्यवस्थापनका लागि तयारी अवस्थामा राख्ने
- जोखिम समूह पहिचान गरी लक्षित सचेतना कार्यक्रम सञ्चालन गर्ने
- चिसो लहरसम्बन्धी बिरामी, मृत्यु तथा असामान्य घटनाको नियमित रिपोर्टिङ गर्ने
- स्थानीय तहसँग समन्वय गरी न्यानो कपडा, ओढ्ने–बिछ्याउने तथा अस्थायी आश्रयको व्यवस्था गर्न सहजीकरण गर्ने

**प्रदेश तहले गर्नुपर्ने कार्यहरू:**
- जिल्लाबाट प्राप्त अवस्था र मागहरूको विश्लेषण गरी आवश्यक स्रोत व्यवस्थापन गर्ने
- औषधि, आपतकालीन सामग्री तथा प्राविधिक सहयोगको समन्वय गर्ने
- जोखिम जिल्लाहरूमा विशेष निगरानी (surveillance) सुदृढ गर्ने
- संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी नीति, निर्देशन तथा आवश्यक सहयोग सुनिश्चित गर्ने

"यस चिसो लहरको प्रभावलाई न्यूनिकरण गर्न जिल्ला, प्रदेश र संघीय तहबीच प्रभावकारी समन्वय, समयमै सूचना आदान–प्रदान र द्रुत निर्णय अत्यन्त आवश्यक छ । आजको बैठकबाट प्राप्त सुझाव र निर्देशनका आधारमा हामी स्पष्ट कार्ययोजनासहित अगाडि बढ्नेछौं ।"



जनहितमा जारी सन्देश
स्वास्थ्य निर्देशनालय
सपही, मधेश प्रदेश, नेपाल

# अन्तरिम सरकारले पुरानै गलत राजनीतिक संस्कार पुनर्जीवित गर्न खोज्योः खनाल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
समुन्नत नेपाल पार्टीका अध्यक्ष सर्वेन्द्र खनालले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले पुराना राजनीतिक दलहरूको गलत संस्कारलाई पुनर्जीवित गर्ने प्रयास गरिरहेको आरोप लगाएका छन् । सोमबार जनकपुरधाममा सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष खनालले सरकार स्वयम् र स्थापित राजनीतिक दलहरूले जेन्जी युवा पुस्तालाई विभाजित गर्ने कार्य गरिरहेको दाबी गरे । उनका अनुसार युवापुस्ताबाट उठिरहेको असन्तुष्टि र विद्रोहलाई कमजोर बनाउने उद्देश्यले सरकार तथा



दलहरू सक्रिय देखिएका छन् ।
अध्यक्ष खनालले जेन्जी विद्रोहले उठाएका माग संस्थागत गर्ने विषयमा सरकार र राजनीतिक शक्तिले कुनै चासो नदिएको आरोप लगाए । 'युवाहरूले उठाएका मुद्दा सम्बोधन गर्नुको सट्टा तिनलाई बेवास्ता गरिएको छ,' उनले भने ।
उनले आगामी निर्वाचनमार्फत नयाँ भनिएका राजनीतिक समूहहरूलाई समेत समेट्दै समुन्नत नेपालको यात्रालाई अघि बढाउने आफ्नो प्रयास रहेको पनि स्पष्ट पारे । वैकल्पिक राजनीतिक शक्तिहरूलाई एकताबद्ध गर्दै देशलाई नयाँ दिशातर्फ लैजानु आफ्नो लक्ष्य रहेको उनको भनाइ थियो । अध्यक्ष खनालले मुलुकमा बाहिरबाट आयात गरिएका राजनीतिक वादहरूको आवश्यकता नरहेको उल्लेख गर्दै पुँजीवाद, साम्यवाद वा संविधानमा उल्लेखित समाजवादउन्मुख अवधारणाको व्यवहारिक कार्यान्वयन अहिलेसम्म नदेखिएको टिप्पणी गरे ।उनले विकासका कामलाई तीव्र गतिमा अघि बढाउँदै समुन्नत राष्ट्र निर्माणका लागि सबै राजनीतिक शक्ति, नागरिक समाज र युवापुस्ता एकजुट हुनुपर्ने आवश्यकता रहेकोमा जोड दिए ।

# ठूला दलहरुको आज बैठक बस्दै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ठूला र पुराना भनिएका दलहरु नेपाली कांग्रेस र नेकपा एमालेको आज मंगलबार बैठक बस्दैछ ।
नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक मङ्गलबार पुनः बस्न लागेको हो । कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा सोमबार बसेको बैठकमा राष्ट्रियसभा सदस्य निर्वाचन २०८२ का सन्दर्भमा छलफल भएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । पार्टी पदाधिकारी तथा सदस्यले धारणा व्यक्त गर्ने क्रम बाँकी रहेकाले बैठक पुनः मङ्गलबार बिहान ११ बजे बस्ने उनले बताए । बैठकमा सहमहामन्त्रीहरू फरमुल्लाह मन्सुर, महेन्द्र यादव, बद्री पाण्डे, जीवन परियार र कार्यसम्पादन समितिका सदस्यहरू गोपालमान श्रेष्ठ, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, अर्जुननरसिंह केसी, प्रवक्ता डा प्रकाशशरण महत, बलबहादुर केसी, डा नारायण खड्का, जीपछिरिङ लामा, सुजाता कोइराला, एनपी साउँदले आ–आफ्नो धारणा व्यक्त गरेका थिए ।
यस्तै, बैठकमा आमन्त्रित केन्द्रीय सदस्यहरू डा मीनेन्द्र रिजाल र मीन विश्वकर्मा, प्रदेश सभापतिहरू अमरसिंह पुन (लुम्बिनी प्रदेश) र वीरबहादुर बलायर (सुदूरपश्चिम प्रदेश)ले आफ्ना धारणा व्यक्त गरेका थिए ।
यस्तै, नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले मङ्गलबार केन्द्रीय सचिवालयको बैठक बोलाएको छ । एमालेका सचिव भानुभक्त ढकालले समसामयिक राजनीतिक परिस्थिति, राष्ट्रियसभा र प्रतिनिधिसभाको निर्वाचन र पार्टीको दोस्रो केन्द्रीय कमिटीको बैठक तयारीबारे छलफल गर्न बैठक डाकिएको जानकारी दिए । उनका अनुसार बैठक मङ्गलबार बिहान ९ बजे ललितपुर, च्यासलस्थित पार्टी केन्द्रीय कार्यालय बस्ने छ । एमालेको दोस्रो केन्द्रीय कमिटी बैठक पुस २७ देखि २९ गते काठमाडौँमा बस्ने भएको छ ।

# चिसोका कारण बिरामीको संख्या बढ्दै




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा बाक्लो हुस्सु लागेसँगै चिसो क्रमशः बढ्दै गएको छ । चिसो बढेसँगै अस्पतालहरूमा ज्वरो, रुघाखोकी, दम तथा श्वासप्रश्वाससम्बन्धी समस्याका बिरामीहरूको संख्या उल्लेख्य रूपमा बढ्न थालेको छ ।
पछिल्ला केही दिनदेखि मधेशका अधिकांश जिल्लामा दिनभर बाक्लो हुस्सु लाग्ने गरेको छ । चिसो बढेपछि जनजीवन प्रभावित बनेको छ भने अस्पतालहरूमा उपचारका लागि आउने बिरामीको चापसमेत बढ्दै गएको छ । विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरू चिसोबाट बढी प्रभावित भएका छन् । जाडो बढेसँगै जनकपुरधामस्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पतालमा रुघाखोकी, ज्वरो, दम र निमोनियाका बिरामीहरूको संख्या बढेको अस्पताल प्रशासनले जनाएको छ । चिकित्सकहरूका अनुसार चिसो मौसममा हुस्सुका कारण श्वासप्रश्वासमा समस्या देखिन सक्ने भएकाले विशेष सतर्कता अपनाउन आवश्यक छ । न्यानो कपडा लगाउने, तातो तथा पोषिलो खानेकुरा खाने र समस्या देखिएमा ढिलाइ नगरी उपचार गराउन चिकित्सकहरूले सुझाव दिएका छन् ।
प्रादेशिक अस्पतालको इमरजेन्सी वार्डका प्रमुख उज्वल झाका अनुसार अन्य मौसमको तुलनामा समग्र बिरामीको संख्या केही कम भए पनि चिसोका कारण दैनिक करिब ५० जना बिरामी उपचारका लागि आउने गरेका छन् ।
अस्पतालमा उपचार गराइरहेका बिरामीका कुरुवाहरूले पनि अत्यधिक चिसोले थप समस्या झेल्नुपरेको बताएका छन् ।
मौसमविद्हरूले अझै केही दिन यस्तै मौसम रहने अनुमान गरेका छन् ।
मौसममा सुधार नआएसम्म स्वास्थ्यकर्मीहरूले चिसोबाट बच्न सतर्कता अपनाउन र जोखिम समूहका व्यक्तिलाई विशेष ध्यान दिन सबैलाई आग्रह गरेका छन् ।

# चिसोले टाउको दुख्ने बिरामी बढे

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रधेशमा चिसो बढेसँगै टाउको दुखाइका बिरामीको संख्या बढ्दै गएको छ । कोशी अस्पताल विराटनगरका वरिष्ठ फिजिसियन डा रोशन खड्काका अनुसार चिसो हावा, तापक्रमको परिवर्तन, शरीरमा पानीको कमी, साइनस समस्या, मांसपेशी कडा हुनु तथा रक्तसञ्चारमा असर पर्नुले जाडोमा टाउको दुखाइ बढ्ने गर्दछ । जाडोमा तिर्खा कम लाग्ने भएकाले पानी कम पिउँदा डिहाइड्रेसन भई टाउको दुख्ने समस्या देखिन्छ । त्यसैगरी घाँटी र काँधमा चिसो लाग्दा पछाडिबाट अगाडितर्फ फैलिने दुखाइ, साइनस र माइग्रेनका समस्या पनि बढ्ने चिकित्सकहरूको भनाइ छ । बारम्बार वा औषधिले निको नहुने टाउको दुखाइ, बान्ता, दृष्टि धमिलो हुने वा ज्वरोसँगै दुखाइ भए तुरुन्त सल्लाह लिन डाक्टरहरूले आग्रह गरेका छन् । टाउको दुखाइबाट बच्न पर्याप्त पानी पिउने, न्यानो कपडा लगाउने, घाम ताप्ने, लामो समय एउटै आसनमा नबस्ने र घाँटी–काँधको हल्का व्यायाम गर्न सुझाव दिइएको छ ।

# चार निर्वाचन क्षेत्रमा अधिकृत तय

**मधेशदृष्टि**
**वीरगंज ।**
निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि पर्सा जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृत तोकेको छ । पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा पर्सा जिल्ला अदालतका न्यायाधीश गायत्रीप्रसाद रेग्मीलाई मुख्य निर्वाचन अधिकृत नियुक्त गरिएको छ । यस्तै, क्षेत्र नम्बर २ मा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजका उपरजिष्ट्रार मधुसुदन आचार्य, क्षेत्र नम्बर ३ मा उच्च सरकारी वकील कार्यालय वीरगंजका उपन्यायधिवक्ता बुद्धिलाल श्रेष्ठ तथा क्षेत्र नम्बर ४ मा सर्वोच्च अदालतका इजलास अधिकृत नुतन झालाई निर्वाचन अधिकृतको जिम्मेवारी दिइएको छ । निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार पुस २५ गतेदेखि लागू हुने गरी न्याय परिषद्को परामर्शमा ७७ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको परामर्शमा ८८ जना नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गरिएको हो ।

# पोखरियाको १० औँ हिँदे अधिवेशन




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिकाको नगर सभाको १० औँ हिउदे अधिवेशन सोमबार भएको छ । पोखरियामा नगरपालिकाको सभा हलमा भएको १० औँ हिउदे नगरसभाको उद्घाटन नगरप्रमुख प्रधुमन चौहानले गरेका थिए ।
नगरसभामा उपप्रमुख रुबी ठाकुरले स्वागत मन्तब्य ब्यक्त गरेकी थिइन् भने प्रमुख प्रशासकीय अधिकृत धर्मान्नद जोशीले जनताको कामकाज छिटोछरितो हुने बताए । नगरसभामा वडाअध्यक्ष लक्ष्मण साह कानु, नौसाद आलम, वडाध्यक्ष प्रमोद गिरी, केदार प्रसाद, महेन्द्र महतो, शियानन्द चौहान, प्रमान्नद पटेल, किशोरी साह, कार्यपालिका सदस्य रामबचन महतो, अजय साहलगायतले हिउँदे नगरसभाको सफलताको शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।
कार्यक्रममा कार्यपालिका सदस्य, नगरपालिका सदस्य, कर्मचारी, लेखापाल मंदीप महतो, योजना शाखा प्रमुख संजय पाण्डे, अधिकृत विजय झा, स्वास्थ्य संयोजक कौसलेन्द्र झा, आइटी अफिसर अरबिन्द दुबेदी, संदिप साह, भगवान साह, सामाजिक शाखा प्रमुख वाल्मीकि साहलगायतको सहभागिता थियो । कार्यक्रम सञ्चालन स्वास्थ्य शाखा सहसंयोजक शिवसिंह पटेलले गरेका थिए ।

# १० हजार प्रतिबन्धित ब्रोइलर चल्ला नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साले भारतबाट अवैध रूपमा चोरी पैठारी गरी नेपाल भित्र्याइएका १० हजार प्रतिबन्धित ब्रोइलर कुखुराका चल्ला नियन्त्रणमा लिई नष्ट गरेको छ ।
गणबाट खटिएको टोलीले पुस २० गते पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिका–५ मसियानी क्षेत्रबाट चल्ला बरामद गरेको हो । नौजना व्यक्तिले टाउकोमा बोकेर नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा करिब पाँच लाख रुपैयाँ बराबरको चल्ला नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ । नियन्त्रणमा लिइएका चल्लालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी नेपाल प्रहरी, स्थानीय जनप्रतिनिधि, सञ्चारकर्मी तथा क्वारेनटाइन कार्यालयका प्रतिनिधिहरूको उपस्थितिमा सशस्त्र प्रहरी बल नम्बर १३ गण परिसरमै नष्ट गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक (डीएसपी) तथा सूचना अधिकारी विश्वराज योञ्जनले जानकारी दिए ।
नेपालमा ब्रोइलर कुखुराका चल्ला तथा मासुजन्य वस्तुको अवैध आयात रोक्न कडा नीति अवलम्बन गरिएको छ । स्वदेशी कुखुरा पालन व्यवसायको संरक्षण गर्नुका साथै विभिन्न रोगको जोखिम न्यूनीकरण गर्नु यसको मुख्य उद्देश्य रहेको छ । पछिल्ला वर्षहरूमा अवैध आयात बढ्दा स्वदेशी ह्याचरी उद्योग गम्भीर संकटमा परेको र हजारौँ चल्ला उत्पादन केन्द्र बन्द हुन पुगेको अवस्था छ ।

# मोटरसाइकलबाट लागुऔषध ओसापसार

**मधेशदृष्टि**
**सर्लाही ।**
कौडेना गाउँपालिका–३ स्थित पर्सा पोखरी नजिकको हुलाकी सडकमा सोमबार भएको मोटरसाइकल दुर्घटनाबाट लागुऔषध ओसारपसारको घटना बाहिर आएको छ । दुई मोटरसाइकल आपसमा ठोकिँदा भएको दुर्घटनापछि घटनास्थलबाट ठूलो परिमाणमा गाँजा बरामद भएपछि प्रहरीले अनुसन्धान तीव्र बनाएको हो ।
दुर्घटनामा बीआर ३० एफ १४६९ नम्बर र बीआर ०६ सिएन ७४४२ नम्बरका मोटरसाइकल ठोक्किएका थिए । बीआर ३० एफ १४६९ नम्बरको मोटरसाइकल चालक मलंगवा नगरपालिका–७ निवासी ३८ वर्षीय हरदास यादव र उनका ७० वर्षीय बुवा अमिन्द्र राय यादव घाइते भएका छन् । दुवैको प्रादेशिक अस्पताल मलंगवामा उपचार भइरहेको प्रहरीले जनाएको छ ।
दुर्घटनापछि बीआर ०६ सिएन ७४४२ नम्बरको मोटरसाइकल चालक फरार भएका थिए । घटनास्थलमा छाडिएको मोटरसाइकल जाँच गर्ने क्रममा प्रहरीले सिटमुनि लुकाएर राखिएको ४ किलो ७ सय १० ग्राम गाँजा बरामद गरेको छ । प्रहरीले खोजतलासका क्रममा फरार चालक कौडेना गाउँपालिका–१ का रवीन्द्र गिरीलाई मलंगवा नगरपालिका–१० क्षेत्रबाट पैदल हिँडिरहेको अवस्थामा पक्राउ गरेको जनाएको छ । लागुऔषध ओसारपसार तथा सवारी दुर्घटनासम्बन्धी कसुरमा पक्राउ परेका गिरीमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जनाएको छ ।

# राजदेवी नगरपालिकाको १५ औँ नगर अधिवेशन




**राकेश यादव**
**रौतहट ।**
राजदेवी नगरपालिकाको १५ औँ नगर अधिवेशन सोमबार भएको छ ।
पुस मसान्तसम्म स्थानीय तहले हिउँदे अधिवेशन गर्नुपर्ने कानूनी व्यवस्थाअनुसार राजदेवी नगरपालिकाले नगर अधिवेशन गरेको हो । असार मसान्तमा सम्पन्न भएको नगर सभाबाट पारित भएको योजना संशोधन तथा कानून पारित गर्ने उद्देश्यले नै हिउँदे अधिवेशन गर्नु पर्ने प्रावधान छ ।
नगर उपप्रमुख राजकुमारी देवीको अध्यक्षतामा भएको नगर अधिवेशनमा सम्बोधन गर्दै नगर प्रमुख भिखारी प्रसाद यादवले जनताको अपेक्षाअनुसार जनप्रतिनिधिले काम गर्दै जानु पर्ने भएकोले पारित योजनालाइ पारदर्शी ढंगबाट सबैको सहभागितामा कार्यन्वयन गर्न वडाअध्यक्षहरुलाई आग्रह गरे । जनप्रतिनिधिलाइ जेन्जीको आन्दोलनले देशमा सुशासन र पारदर्शीता स्थापित गर्नु पर्ने जिम्मेवारी आएकोले सोहीअनुरुप काम गर्नु पर्ने उनले बताए ।
नगर अधिवेशनमा नगर सभा सदस्य, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत बिकाउ कुमार यादवसमेतको सहभागिता थियो ।

# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
हुलाकी राजमार्गमा पर्ने भुवाली चोकमा इभी भ्यान र मोटरसाइकल ठक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालकको घटनास्थलमै मृत्यु भएको छ ।
बौधीमाई नगरपालिका–१ भुवाली चोकमा सोमबार बिहान ८:४५ बजेको समयमा प्रदेश ०३–००१ ज–७६६ नम्बरको यात्रु बोक्ने लालीगुराँस इभी भ्यान र अन टेष्ट प्लाटिना मोटरसाइकल ठोकिँदा बौधीमाई नगरपालिका–२ इनर्वा गाउँका दिपेन्द्र वैठाको घटनास्थलमै मृत्यु भएको हो ।
इभी र इभी चालक रौतहट राजपुर नगरपालिका ५ का २५ वर्षीय उपेन्द्र साहलाई नियन्त्रणमा लिएर प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको तथा मृतक वैठाको शव प्रादेशिक अस्पताल गौरमा पोष्टमार्टमका लागि राखिएको प्रहरी निरीक्षक रुद्र कडेलले जानकारी दिए ।

# ठेक्का नलाग्दै खोलामा अवैध उत्खनन्

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाका खोला, नदीबाट अवैधरुपमा नदिजन्य पदार्थ उत्खनन भइरहेको कुरा उजागर भएको छ ।
जिल्ला समन्वय समिति, पर्साको नेतृत्वमा गएको अनुगमन टोलीले सोमबार ठूलो परिमाणमा अबैध बालुवा भण्डार फेरा पारेपछि यो विषय उजागर भएको हो । जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफको नेतृत्वमा खटिएको टोलीले जिराभवानी गाउँपालिका वडा न ५, शंकरसरिया स्थित भौवाही खोलाबाट करिब १५० ट्रिपभन्दा बढी बालुवा, अवैध रूपमा उत्खनन तथा भण्डारण गरिएको फेला पारेको हो । खोलामा कुनै पनि ठेक्का नलागेको अवस्थामा बालुवा उत्खनन भइरहेको फेला पारेको हो । अनुगमनको क्रममा, अवैध उत्खननमा प्रयोग भइरहेको प्रदेश नं. ३–५५ ३६ नम्बरको ट्र्याक्टरलाई प्रमाणसहित नियन्त्रणमा लिइएको जिल्ला समन्वय समितिले जनाएको छ ।

न्यायालय में,
मुंसिफ सदर
सीतामढ़ी।
हकियत वाद संख्या- १५/२०१३
निबंधन संख्या- ८८७/२०२४
गरतिया देवी वो.-------- मुदईयान
बनाम
बाल मुकुंद झा वो.------ मुदालहुम
नोटिस बनाम
१. बच्ची देवी, पति- चंदेश्वर झा, पिता स्व. राम नारायण झा, ग्राम- श्रीपुर कविलाशा, थाना- गौशाला, पो.- कठुआर बाजार, जिला- महोत्तरी, नेपाल, २. बेबी देवी, पति- गणेश झा, पिता स्व. रामनारायण झा, ग्राम- एकवारा, वार्ड नं.- ०१, पोस्ट- जलेसर, थाना- कटैया,
जिला- महोत्तरी, नेपाल। चूं गरतिया देवी, पति- स्व. देवशरण मंडल एवं शंभू मंडल, पिता- स्व. देवशरण मंडल, निवासी- ग्राम गोरहारी, थाना+अंचल- परिहार, सबडिवीजन- सीतामढ़ी सदर, जिला- सीतामढ़ी आप लोगों के विरुद्ध यह स्वत्व वाद दायर किए हुए हैं, जिसमें बजरिये चपरासी अदालत वो रजिस्ट्री डाक से सम्मन भेजे जाने के बावजूद भी आपलोग हाजिर अदालत नहीं आ रहे हैं। इसलिए इस गजट प्रकाशन के द्वारा आपलोगों को आगाह किया जाता है कि मुदईयान (वादी) के दवा के विरुद्ध किसी तरह की आपत्ति होवे, तो दिनांक- १३/०१/२०२६ को १०:३० बजे पूर्वाह्न हाजिर अदालत आकर पेश करें, वरना आपलोगों के गायवाने में सुनवाई करके आदेश पारित किया जाएगा और बाद में कोई उजूर-एतराज नहीं सुना जाएगा। ताकिद जाने।
मुंसिफ सदर
सीतामढ़ी।



# महोत्तरीमा ट्रकको ठक्करबाट महिलाको मृत्यु

महोत्तरीको बलवा नगरपालिका–११ मा आज ट्रकले ठक्कर दिँदा बाटो काट्दै गरेकी एक महिलाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार बलवाा–११ मा ट्रकले ठक्कर दिँदा स्थानीय ५१ वर्षीया बुधनीदेवी ठाकुरको मृत्यु भएको हो । लोहारपट्टी नगरपालिकाबाट रामगोपालपुर नगरपालिकातर्फ जाँदै गरेको ना ६ ख ९१५३ नम्बरको ट्रकले बाटो काट्दै गरेकी ठाकुरलाई ठक्कर दिएको हो ।

ठाकुरको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर लगिएको छ भने ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान अगाडि बढाएको प्रहरी नायब उपरीक्षक भट्टले बताउनुभयो ।रासस

# सिरहाको लहानमा निःशुल्क परीक्षण शिविर

लहान नगरपालिका स्वास्थ्य शाखाले पाठेघरको मुखको क्यान्सरसम्बन्धी निःशुल्क परीक्षण सेवा सुरु गरेको छ । लहान–२० र २१ ले संयुक्त रुपमा 'प्रजनन स्वास्थ्य रुग्णता एकीकृत स्क्रिनिङ तथा व्यवस्थापन' सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरेको हो ।

स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार शिविर विशेष गरी ३० वर्षमाथिका महिलालाई लक्षित गरी सञ्चालन गरिएको हो । विपन्न तथा दलित समुदायका महिला बढीजसो पाठेघरसम्बन्धी समस्याबाट पीडित भएकाले आर्थिक अभावका कारण उपचार गराउन नसकिरहेको अवस्थामा सङ्घीय सरकारको कार्यक्रमअन्तर्गत शिविर सञ्चालन गरिएको स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीले बताए । आगामी दिनमा नगरका २४ वटै वडामा शिविर सञ्चालन गरिने प्रमुख चौधरीले जानकारी दिनुभयो ।

शिविरबाट समयमै रोगको पहिचान र उपचारमा सहयोग पुग्ने वहाँले बताए । जिल्ला स्वास्थ्य कार्यालयकी अधिकृत तेजकुमारी श्रेष्ठका अनुसार यसअघि गत जेठमा लहान–१५ र १७ मा शिविर सञ्चालन गरिएको थियो । यस्ता शिविरबाट ग्रामीण क्षेत्रका महिलालाई लाभ पुगेको अधिकृत तेजकुमारी श्रेष्ठले बताए ।रासस

# मधेसमा शान्ति र सद्भाव कायम राख्न प्रदेश प्रमुख कर्णको अपिल

मधेस प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले पछिल्ला दिनहरूमा केही स्थानमा देखिएका अस्वाभाविक गतिविधि र असमझदारीप्रति चिन्ता व्यक्त गर्दै समाजमा शान्ति, सद्भाव र सामाजिक एकता कायम राख्न सबैमा अपिल गर्नुभएको छ ।

उहाँले सोमबार एक सन्देश जारी गर्दै मधेस विभिन्न भाषा, धर्म, संस्कृति र परम्पराको सुन्दर सङ्गमस्थल भएको उल्लेख गर्दै परापूर्वकालदेखि नै आपसी सम्मान, सहिष्णुता र भाइचाराको संस्कारलाई आत्मसात् गर्दै आएको बताउनुभयो ।



प्रदेश प्रमुख कर्णले 'अतिथि देवो भवः' र 'वसुधैव कुटुम्बकम्' जस्ता मूल्य–मान्यताले मधेसी समाजलाई एकताबद्ध बनाउँदै आएकाले त्यसलाई आत्मसात् गर्न आग्रह गर्नुभयो ।

उहाँले समाजलाई विभाजन गर्ने तत्वहरूबाट सचेत रहन आग्रह गर्दै कुनै पनि किसिमको उत्तेजना वा आवेगमा नआई धैर्य अपनाउन सबै नागरिकलाई अनुरोध गर्नुभएको छ । विचार र आस्था फरक हुन सक्ने भए पनि मानवीय पहिचान र सामाजिक एकता साझा भएको प्रदेश प्रमुख कर्णको भनाइ छ ।

उहाँले सामाजिक सञ्जाल वा अन्य माध्यमबाट कसैको भावनामा चोट पुग्ने खालका गतिविधि नगर्न आग्रह गर्दै समाजमा अमनचयन कायम राख्न सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो । संवाद र सहकार्य नै हरेक समस्याको समाधान भएको उल्लेख गर्दै प्रदेश प्रमुख कर्णले मधेस केवल विविधताको भूमि मात्र नभई अटुट एकता र प्रेमको भूमि भएको पुनः प्रमाणित गर्न सबैलाई आह्वान गर्नुभएको छ ।रासस

# मधेश सबै समुदायको साझा घर होः मुख्यमन्त्री यादव

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेश सबै समुदायको साझा घर भएको बताउनुभएको छ ।

मुख्यमन्त्री यादवले सोमबार एक सन्देश जारी गर्दै विविधता नै मधेश को सामथ्र्य र शक्ति भएको बताउनुभयो ।

उहाँले मधेशको वास्तविक शक्ति एकतामा रहेको र विभाजनले समाज, राज्य तथा नागरिक सबैलाई कमजोर बनाउने धारणा राख्नुभयो । हाल केही स्थानमा देखिएका तनाव, अफवाह र उत्तेजनाप्रति प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले हिंसाले कहिल्यै समाधान नदिने बताउनुभयो । धर्मका नाममा फैलाइँदै आएको घृणा, हिंसा र



विभाजन सभ्य समाजका लागि अस्वीकार्य भएको उल्लेख गर्दै यस्ता गतिविधिले समाजलाई झनै कमजोर बनाउने उहाँको भनाइ छ ।

प्रदेश सरकार सबै नागरिकको सुरक्षा, सम्मान र समान अधिकारप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको उहाँको भनाइ छ । मुख्यमन्त्री यादवले शान्तिसुरक्षाको अवस्था थप सुदृढ बनाइने उल्लेख गर्नुभयो । साथै, अफवाह फैलाउने तथा घृणात्मक गतिविधिमा संलग्न जो कोहीलाई कानुन अनुसार कडा कारबाही गरिने स्पष्ट चेतावनी दिनुभयो ।

मुख्यमन्त्री यादवले सबै धर्मगुरु, राजनीतिक दल, युवा तथा सचेत नागरिकलाई संयम, संवाद र सहअस्तित्वको मार्ग अवलम्बन गर्न आग्रह गर्दै समस्या समाधान सधैँ संवादबाट हुने, द्वन्द्वाट कहिल्यै नहुने धारणा व्यक्त गर्नुभयो । रासस

# सबारी दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट**

रौतहट जिल्लाको बौधिमाई नगरपालिका-१ स्थित भुवाली चौकमा भएको सवारी दुर्घटनामा परि एक युवकको मृत्यु भएको छ।

तिब्र गतिमा रहेको ईभी गाडी र मोटरसाइकल एक आपसमा ठोक्किँदा भएको दुर्घटना उक्त युवकको ज्यान गएको हो ।

जिल्ला रौतहट बौधिमाई न.पा. ०१ भुवाली चौक स्थित पिपरीयाबाट अजगैबि जाने भित्री सडक खण्डमा बा.प्र. ०३-००१ ज ७६६ न.को ईभी गाडीले अनटेस्ट मोटरसाइकल लाई ठक्कर दिदा मोटरसाइकल चालक जिल्ला रौतहट बौधीमाई न.पा. वडा न.- २ ईनर्वा बस्ने अन्दाजी बर्ष २३ को दिपेन्द्र बैठा गम्भिर घाईते भई उपचारको लागी प्रादेशिक अस्पताल गौर पठाईएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

ठक्कर दिने ईभी गाडी र ईभी गाडी चालक जिल्ला रौतहट राजपुर न.पा. वडा न.- ५ बस्ने हिरा साह कानुको छोरा अन्दाजी वर्ष २५ को उपेन्द्र साहलाई नियन्त्रणमा लिई थप अनुसन्धानको कार्य अगाडी बढाइएको प्रहरी नायव उपरिक्षक बिष्णु प्रदिप बस्यालले जानकारी दिएका छन।

# सकियो महुवनको अतिक्रमण हटाउन दिइएको म्याद

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको सखुवाप्रसौनी गाउँपालिका–५ मा रहेको ऐतिहासिक एवम् धार्मिक महत्त्वको पारसनाथ महादेव मन्दिर (महुवन मठ) को अतिक्रमित जग्गा फिर्ता ल्याउन सरकारी निकायले कठोर कदम चाल्ने तयारी गरेको छ । दशकौँदेखि राजनीतिक संरक्षण र कानुनी दाउपेचमा अल्झिएको मठको ५ बिघा १७ कट्ठा १४ धुर जग्गा खाली गराउन गुठी संस्थान र स्थानीय सरकारले संयुक्त 'अल्टिमेटम' जारी गरेको छ ।

गुठी संस्थान शाखा कार्यालय वीरगंजकी प्रमुख उर्मिला आचार्यल पत्र जारी गर्दै महुवन मठको कित्ता नम्बर २७६ मा रहेका सबै अनधिकृत घर–टहरा ७ दिनभित्र हटाउन आदेश दिएकी थिइन् । लामो समयदेखि अतिक्रमणकारीको कब्जामा रहेको जग्गा खाली गराउन गुठीले यसपटक वारपारको रणनीति लिएको देखिन्छ । पुस १३ गते दिइएको म्याद सकिएको छ ।

सोही पत्रलाई कार्यान्वयन गर्दै सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवले सार्वजनिक सूचना जारी गरी ७ दिनभित्र संरचना नहटाए 'बल प्रयोग' गरिने चेतावनी दिइसकेका छन् । अध्यक्ष यादवले भनेका छन्, 'धार्मिक सम्पत्तिको रक्षा गर्नु हाम्रो दायित्व हो । यदि कसैले अटेर गरेमा सुरक्षा निकायको सहयोगमा डोजर चलाइनेछ र यो कार्यमा लाग्ने खर्चसमेत अतिक्रमणकारीबाट नै असुल गरिनेछ ।' महुवन मठको जग्गा विगतमा पटकपटक खाली गराउने प्रयास भए पनि राजनीतिक हस्तक्षेप र पूर्वाग्रहका कारण सफल हुनसकेको थिएन । स्थानीय बासिन्दा उप्रान्त यादवका अनुसार राजनीतिक दाउपेचले गर्दा यसअघिका प्रयासहरू निष्प्रभावी बनेका थिए । 'अहिले गुठी संस्थान र गाउँपालिका दुवैले एकैसाथ कडा कदम चालेपछि मठको सम्पत्ति जोगिनेमा हामी आशावादी छौँ,' यादवले बताए ।

७ दिनको समयसीमाभित्र स्वतः संरचना नहटेमा गाउँपालिकाले सुरक्षा निकायको सहयोगमा भौतिक कारबाही गर्ने भनेको थियो । म्याद सकिएको छ । स्थानीय प्रशासनले यसलाई धार्मिक सम्पदा संरक्षणको अभियानका रूपमा लिएको छ । वर्षौंदेखि विवादको घेरामा रहेको यो मुद्दा अब 'फास्ट ट्र्याक' मा समाधान हुने सङ्केत देखिएपछि स्थानीय भक्तजन र नागरिक समाजमा खुसीयाली छाएको छ । म्याद सकिएपछि अब एक्सन लिएको हेर्न स्थानीय आतुर छन् ।

# अफिन धनुषाको अध्यक्षमा डा. एस.के. सिंह सर्वसम्मत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

धनुषा जिल्लाका निजी अस्पतालहरूको छाता संगठन एसोसिएसन अफ प्राइभेट हस्पिटल्स इन नेपाल (अफिन) धनुषाको जिल्ला अध्यक्षमा काव्या अस्पतालका सञ्चालक डा. एस.के. सिंह सर्वसम्मत रूपमा चयन भएका छन् ।

जनकपुरधाममा सम्पन्न अफिन धनुषाको जिल्ला अधिवेशनबाट डा. सिंहको नेतृत्वमा नयाँ कार्यसमिति गठन गरिएको हो । अधिवेशनले निजी स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, आपसी समन्वय सुदृढीकरण तथा बिरामीमैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने लक्ष्य लिएको छ ।

नवगठित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा विकास चन्द्र गुप्ता चयन भएका छन् भने उपाध्यक्षमा हिरा यादव चयन भएका छन् । यसैगरी, महासचिवमा हरिश्चन्द्र यादव, सहसचिवमा मुकेश सिंह तथा कोषाध्यक्षमा राहुल सिंहानियालाई जिम्मेवारी दिइएको छ ।

कार्यसमितिका सदस्यहरूमा डा. शम्भु साह, डा. जियाउल हक, अखिलेश साह, चेत नारायण यादव, आनन्द मण्डल र डा. मुस्ताक अलि चयन भएका छन् ।

संस्थाको सल्लाहकार समितिमा डा. आर.एन. पण्डित, डा. अशोक अधिकारी, डा. जामुन सिंह, डा. महेश महासेठ र डा. रामजी यादव रहेका छन् ।

नवनिर्वाचित अध्यक्ष डा. सिंहले निजी अस्पतालहरूबीच सहकार्य र समन्वय बढाउँदै स्वास्थ्य सेवा क्षेत्रमा देखिएका समस्याहरू समाधानका लागि एकजुट भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले सरकारी निकायसँग सहकार्य गर्दै धनुषा जिल्लामा गुणस्तरीय, सुरक्षित र सुलभ स्वास्थ्य सेवाको पहुँच विस्तारमा अफिन सक्रिय भूमिका खेल्ने बताए ।

# स्रोत नखुलेको नगदसहित भारतीय महिला पक्राउ

**मधेशदृष्टि**

सीमावर्ती भारतीय बजार बैरगनियाबाट नेपालतर्फ प्रवेश गर्ने क्रममा स्रोत नखुलेको नगदसहित एक भारतीय महिलालाई रौतहट प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार गौर भन्सार अगाडि खटिएको प्रहरी टोलीले पैदल नेपाल प्रवेश गर्दै गरेकी भारत बिहार राज्यको सितामढी जिल्ला बैरगनिया निवासी ४५ वर्षीया रामकली देवीलाई शङ्कास्पद व्यवहार देखिएपछि नियन्त्रणमा लिएको हो ।

प्रहरीले उनको साथबाट कुल २ लाख ५० हजार ३ सय ६० रुपैयाँ बराबरको नगद बरामद गरेको जनाएको छ ।

बरामद रकममा नेपाली रुपैयाँ १ हजार दरका १८० थान, ५ सय दरका १३३ थान, १ सय दरका ३७ थान तथा भारतीय रुपैयाँ १ सय दरको एक थान नोट रहेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

# सशस्त्र प्रहरीद्वारा सीमान्तकृतलाई कम्बल

**मधेशदृष्टि**
**वीरगंज ।**

२५औँ सशस्त्र प्रहरी दिवस २०८२ को अवसरमा सशस्त्र प्रहरी बल नेपालले रौतहट जिल्लाका विपन्न तथा सीमान्तकृत समुदायलाई लक्षित गरी कम्बल वितरण गरेको छ । जिल्ला प्रशासन कार्यालय रौतहटको सहकार्य र सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वार्टर रौतहटको समन्वयमा चिसो मौसम र शीतलहरलाई मध्यनजर गर्दै राहत सामग्री वितरण गरिएको हो ।

चिसोका कारण प्रभावित नागरिकलाई तत्काल राहत पुर्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको सशस्त्र प्रहरीले जनाएको छ । सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एसपी रामहरी अधिकारीका अनुसार ईशनाथ नगरपालिका–४ स्थित रामनगर बस्तीका ७०, बौधिमाई नगरपालिका–७ स्थित राम बस्तीका ७० र राजदेवी नगरपालिका–८ स्थित लक्ष्मीपुर बस्तीका ६० गरी जम्मा २ सय घरपरिवारलाई कम्बल वितरण गरिएको हो । यस्तै, छिन्नमस्ता गाउँपालिका–५ लोखरमका विपन्न दलित परिवारलाई जिल्ला प्रशासन कार्यालय सप्तरीले सोमबार कम्बल वितरण गरेको छ । अत्यधिक जाडो र शीतलहर बढेपछि तत्काल राहत उपलब्ध गराउने उद्देश्यले १ सय ५० घरपरिवारलाई कम्बल वितरण गरिएको हो । यस क्षेत्र यसअघि झाडा–पखालाबाट प्रभावित तथा अति विपन्न परिवारको बस्ती भएकाले राहत वितरण गरिएको सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले जानकारी दिए । जिल्लामा शीतलहर बढ्दै जाँदा दलित, सीमान्तकृत तथा विपन्न परिवारले बाक्लो कपडा र दाउराको अभाव झेल्दै आएको अवस्थामा यस किसिमको सहयोगले ठूलो राहत पुग्ने स्थानीय बुधनी सदाले बताइन् ।

# अन्तर्राष्ट्रिय पत्रकार सम्मेलनमा पर्साका पत्रकारहरु सम्मानित

**मधेशदृष्टि**
**वीरगंज ।**

अन्तर्राष्ट्रिय पत्रकार सम्मेलनमा पर्साका सञ्चारकमीहरू सम्मानित भएका छन् । सार्क जर्नलिस्ट फोरम ईन्टरनेशनल च्याप्टर बिहार, नालन्दा खुला विश्वविद्यालय, अमरपाली कला–साहित्य सम्मेलन तथा मानवअधिकार टुडेको संयुक्त आयोजनामा सोमबार सम्पन्न दुईदिने अन्तर्राष्ट्रिय पत्रकार सम्मेलनमा पर्सेली सञ्चारकर्मी सम्मानित भएका हुन् ।

सम्मानित हुनेहरूमा पत्रकारहरू नृपेन्द्रलाल श्रेष्ठ, सदाब मलिक, दिपेन्द्र प्रजापति, अभिलाष गुप्ता, सैलेश गुप्ता, राजन कुमार सिंह, सुभास रामलगायत छन् ।

सार्क जर्नलिस्ट फोरम बिहारका अध्यक्ष तथा मानवअधिकार टुडेका सम्पादक शशि भूषण कुमारको अध्यक्षतामा सम्पन्न सम्मेलनका मुख्य अतिथि पूर्व सिक्किम राज्यपाल माननीय गंगा प्रसाद थिए ।

सम्मेलनमा मौरिससका पूर्व उपप्रधानमन्त्री हरिश बुद्धूकी धर्मपत्नी तथा अन्तर्राष्ट्रिय संस्कृति संवाहिका डा. सरिता बुद्धू, नेपालबाट सार्क जर्नलिस्ट फोरमका अन्तर्राष्ट्रिय अध्यक्ष राजु लामा तथा थाइल्याण्डका प्रतिनिधि डा पीसी चन्द्रालगायतको सहभागिता थियो । सम्मेलनमा आधा दर्जन पद्मश्री सम्मानित व्यक्तित्वहरू सहित पत्रकार, चिकित्सक, खेलाडी, शिक्षक, व्यवसायी, समाजसेवी, साहित्यकार, लेखक तथा अनुसन्धान विद्यार्थीहरूको उल्लेखनीय सहभागिता थियो ।

सम्पादकीय

# मधेशमा खल्बलिँदो सद्भावः सरकारको साझा जिम्मेवारी

मधेश सधैँदेखि धार्मिक, भाषिक र सांस्कृतिक सहअस्तित्वको भूगोल हो । हिन्दू–मुस्लिम, थारू–पहाडी, मैथिली–भोजपुरी–उर्दू संस्कृतिहरूको संगम नै मधेशको पहिचान हो । तर पछिल्लो समय यही पहिचानमाथि खतरा पैदा हुने संकेत देखिन थालेका छन् । साना घटनाबाट शुरु हुने हिन्दू–मुस्लिम द्वन्द्व, सामाजिक सञ्जालमा फैलाइने घृणात्मक सामग्री र राजनीतिक मौनताले मधेशको सद्भाव खल्बलिँदो अवस्थामा पुगेको छ । यो अवस्था आफैँ उत्पन्न भएको होइन । बेरोजगारी, गरिबी, राज्यप्रति बढ्दो असन्तोष, न्याय र सेवाको अभावजस्ता संरचनागत समस्यामाथि धार्मिक पहिचानको राजनीति मिसिँदा समाज सजिलै चर्किन थालेको हो । यस्तो संवेदनशील घडीमा स्थानीय सरकारदेखि केन्द्र सरकारसम्मको भूमिका निर्णायक हुन्छ । स्थानीय सरकारः यसमा पहिलो पंक्तिको जिम्मेवारीमा हुनुपर्छ । स्थानीय सरकार नागरिकसँग सबैभन्दा नजिकको शासन संरचना हो । धार्मिक सद्भाव बिग्रँदा त्यसको पहिलो प्रभाव गाउँ, टोल र नगरमै देखिन्छ । त्यसैले स्थानीय तहले धर्म, समुदाय र जाति प्रतिनिधि समेटेर स्थानीय सद्भाव समिति सक्रिय बनाउनुपर्छ । साना विवादलाई ठूलो हुन नदिन तत्काल संवाद र मध्यस्थताको संयन्त्र बलियो बनाउनुपर्छ । विद्यालय र समुदायमा साझा सांस्कृतिक कार्यक्रम, अन्तरधार्मिक संवाद बढाउनुपर्छ ।

यस्तै, सामाजिक सञ्जालमार्फत फैलिने अफवाह र घृणाविरुद्ध सूचना सचेतना अभियान चलाउनुपर्छ । स्थानीय सरकार मौन बस्नु भनेको आगो सल्कँदै गर्दा हावा फुक्नुजस्तै हो । प्रदेश सरकार पनि नीतिगत सतर्कता र समन्वयमा हुनुपर्छ । मधेश प्रदेश सरकारको भूमिका अझ संवेदनशील छ, किनकि यो विषय केवल सुरक्षा होइन, सामाजिक विश्वाससँग जोडिएको छ । प्रदेश सरकारले सुरक्षा संयन्त्रलाई पूर्वसूचनामा आधारित बनाउनुपर्छ, घटना भएपछि मात्र होइन धार्मिक हिंसा भड्काउने व्यक्ति वा समूहप्रति राजनीतिक संरक्षण अन्त्य गर्नुपर्छ । युवालाई लक्षित रोजगारी, सीप र उद्यम कार्यक्रम बढाएर असन्तोषको जरो काट्नुपर्छ । सञ्चारमाध्यम र नागरिक समाजसँग मिलेर घृणाविरोधी अभियान सञ्चालन गर्नुपर्छ । प्रदेश सरकार तटस्थ र न्यायपूर्ण नदेखिए मधेशमा अविश्वास झनै गहिरिन्छ ।

यस्तै, केन्द्र सरकारको जिम्मेवारी केवल सुरक्षा फौज पठाउनेसम्म सीमित हुनु हुँदैन । धार्मिक सद्भाव राष्ट्रिय मुद्दा हो । केन्द्र सरकारले कुनै पनि धर्म वा समुदायलाई प्रयोग गर्ने राजनीतिक प्रवृत्तिमाथि स्पष्ट नीति लिनुपर्छ । संविधानमा रहेको धर्मनिरपेक्षताको व्यवहारिक कार्यान्वयन सुनिश्चित गर्नुपर्छ । घृणात्मक भाषण, गलत सूचना र उक्साहटविरुद्ध कडा कानुनी कारबाही गर्नुपर्छ मधेशका संरचनागत समस्या समाधानमा इमानदार पहल गर्नुपर्छ । यदि केन्द्र सरकार स्वयम् मौन वा द्वैध चरित्रमा रह्यो भने मधेश मात्र होइन, देशकै सामाजिक एकता कमजोर हुन्छ । निष्कर्षमा मधेशमा हिन्दू–मुस्लिम द्वन्द्व कुनै समुदायको समस्या होइन, राज्यको असफलताको संकेत हो । सद्भाव आफैँ टिक्दैन, यसलाई निरन्तर संरक्षण चाहिन्छ । स्थानीय, प्रदेश र केन्द्र तीनै तहका सरकारहरूले समयमै जिम्मेवारी नलिए मधेशको आगो देशव्यापी संकटमा रूपान्तरण हुन सक्छ । मधेशलाई फेरि सम्झनु जरुरी छ कि यो द्वन्द्वको होइन, सहअस्तित्वको भूमि हो । सरकारहरूको दायित्व यही सहअस्तित्व जोगाउनु हो, नकि राजनीतिक स्वार्थका लागि यसलाई जोखिममा पार्नु ।

# निजी अस्पताल सञ्चालन र सरकारी नीति



लोकबहादुर टण्डन

नेपालमा पछिल्ला दशकहरूमा निजी क्षेत्रबाट अस्पताल सञ्चालन तीव्र रूपमा विस्तार भएको छ । सार्वजनिक स्वास्थ्य सेवाको सीमित क्षमता, बढ्दो जनसंख्या र स्वास्थ्यप्रतिको सचेतनाले निजी अस्पतालहरूको भूमिकालाई महत्वपूर्ण बनाएको छ। २०४० सालपछिको उदारीकरण नीतिपछि निजी क्षेत्र स्वास्थ्य सेवामा प्रवेश गर्न थालेको हो। राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले स्वास्थ्य क्षेत्रमा निजी लगानीलाई प्रवर्द्धन गरेपछि स्वास्थ्य क्षेत्रमा निजी सहभागिता बढेर गएको छ । शुरुमा नर्सिङ होम र साना क्लिनिकबाट सुरु भएको निजी क्षेत्रको लगानी अहिले बहुविशेषज्ञ अस्पतालसम्म पुगेको छ।

अहिले पनि भारतका एपोलो, मेदान्तजस्ता अस्पतालमा ५१ प्रतिशत विरामी नेपालबाट गएकाहरु नै हुने गरेको तथ्याङ्क छ । थाइल्याण्ड, सिंगापुरलगायतका अन्य मुलुकहरुमा पनि उपचारका लागि जानेहरुको संख्या पनि बढिरहेको छ। शिक्षा, स्वास्थ्य र मनोरञ्जनमा वर्षेनि विदेसिने अर्बौं रुपैयाँ नेपालमै रोक्न सरकारले विशेष नीति ल्याउन आवश्यक छ । नेपाली चिकित्सकहरुले जटिलभन्दा जटिल रोगको उपचार र शल्यक्रियाहरु गर्न सक्षम छन् र त्यो सेवा दिन नेपालका निजी अस्पतालहरु तयार छन्।

अवसरको खोजीमा विदेशमा गएका चिकित्सकहरुलाई स्वदेशमै फर्केर सेवा गर्ने वातावरण तयार गर्न सकिएमा विदेशमा उपचारार्थ जाने बिरामीको सङ्ख्या आधाभन्दा बढी घटाउन सकिन्छ । राज्यले करोडौँ लगानी गरेर सरकारी अस्पतालहरुमा स्थापना गरेका उपकरणहरु राम्ररी सञ्चालनमा आउनै नपाई बिग्रने, विरामीले भरपर्दो उपचार सेवा नपाउने र राजनीतिक दबाब र प्रभावबाट सेवा चुस्तदुरुस्त नहुने समस्या रहँदै आएको छ । विरामीले घण्टौँ लाइनमा बस्नुपर्ने, शय्या पाउनका लागि पनि भनसुन गराउनुपर्ने, एउटै चिकित्सकले एकैपटक धेरै विरामीको उपचार गराउनुपर्ने बाध्यता रहेकाले बिरामीहरु निजी अस्पतालमा जान बाध्य छन्।

निजी अस्पतालहरुले आफ्नो क्षमताले भ्याएसम्म गुणस्तरीय स्वास्थ्य उपचार सेवा दिंदै आएका छन्। निजी अस्पतालहरु कम्पनी ऐन–सहकारी ऐनअन्तर्गत दर्ता भएर सञ्चालन भएका हुन्छन् । निजी स्वास्थ्य संस्था सञ्चालन ऐन तथा नियमावली र स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तर निर्धारण मापदण्ड–२०७०) ले अस्पताल सञ्चालनका विभिन्न मापदण्डहरु निर्धारण गरेको छ । अहिले प्रदेश सरकार र स्थानीय तहबाट इजाजत अनिवार्य गरिएको छ।

स्वास्थ्य सेवामा निजी अस्पतालको भूमिका

नेपालको स्वास्थ्य सेवामा निजी अस्पतालहरुको भूमिका महत्वपूर्ण रहेको छ। सरकारी अस्पतालहरुले पनि दिन नसकेको विशेषज्ञ तथा सुपर–स्पेशालिटी सेवा निजी अस्पतालहरुले प्रदान गरेका छन् । निजी अस्पतालहरुमा आकस्मिक सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा, शल्यक्रिया, आइसियू, एन आइसियू, डायग्नोस्टिक सेवा (सिटी, एमआरआई ल्याब) तथा विशेषज्ञ परामर्श सेवा उपलब्ध छन्।

आधुनिक प्रविधि र उपकरणको प्रयोग गरी स्वदेशमै भरपर्दो र सुलभ स्वास्थ्य सेवा उपलब्ध भएको छ। सरकारी अस्पतालमा पर्ने बिरामीको चाप घटाउन पनि निजी अस्पतालहरुको भूमिका रहेको छ। पछिल्लो समय नेपालमा स्वास्थ्य पर्यटनको सम्भावनालाई पनि बढाएको छ।

मुलुकको आर्थिक विकासमा निजी अस्पतालहरुको योगदानलाई बिर्सन हुँदैन । आज हजारौँ स्वास्थ्यकर्मी (डाक्टर, नर्स, प्राविधिक) हरुलाई स्वदेशमै रोजगारीको अवसर मिलेको छ । झण्डै दुई लाख स्वास्थ्यकर्मीहरुले प्रत्यक्ष रोजगारी पाएका छन्। शहरी क्षेत्रमा मात्र नभएर ग्रामीण क्षेत्रमा पनि निजी अस्पताल तथा स्वास्थ्य केन्द्रहरु सञ्चालनमा आउँदा सेवाको पहुँचको विस्तार र विकल्पको अवसर प्राप्त भएको छ। स्वास्थ्य क्षेत्रमा निजी लगानी आकर्षण बढेसँगै पूँजी पलायनको समस्या कम भएको छ।

अस्पतालहरुबीचको प्रतिस्पर्धाले प्रविधि र सेवाको गुणस्तरमा सुधार आउनुको साथै विरामीले सुलभ र गुणस्तरीय सेवा प्राप्त गर्न सकेका छन्।

**सरकारी नियमन र सहकार्य**

सरकारले कार्यान्वयनमा ल्याएको स्वास्थ्य बीमा कार्यक्रम निकै प्रभावकारी रहेको छ तर यसलाई सरकारी अस्पतालहरुमा मात्रै सीमित गराउँदा आम सर्वसाधारणले लाभ पाउन सकेका छैनन् । सरकारले प्रत्येक व्यक्तिको स्वास्थ्य बीमा गरिदिएर सम्भव हुँदैन । हरे व्यक्तिले आफ्नो बीमा गराउने र जुनसुकै अस्पतालबाट पनि त्यो सेवा लिनसक्ने अवस्था सिर्जना गर्न सकिएमा सरकारलाई आर्थिक भार नपर्ने मात्र होइन, नागरिकले पनि सुलभ ढङ्गबाट सेवा पाउन सक्छन् । सरकारले निजी अस्पतालको शुल्क दर, सेवा गुणस्तर अनुगमन गर्न सक्ने भएकाले नागरिकलाई कसरी जनमुखी र गुणस्तरीय स्वास्थ्य सेवा दिन सकिन्छ भन्नेतर्फ सहकार्य हुनसक्छ । सार्वजनिक–निजी साझेदारीको अवधारणाअनुसार पनि स्वास्थ्य सेवालाई अगाडि लैजान सकिन्छ।

सामाजिक उत्तरदायित्वको मान्यताअनुसार गरिब, असहाय वर्गका विरामीहरुलाई साधारणदेखि उच्च प्रकृतिका उपचारहरु निःशुल्क गराउने, देशका दुर्गम भेगहरुमा निःशुल्क स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने सामाजिक कार्यहरुमा पनि निजी क्षेत्रका अस्पतालहरुको योगदान कम छैन । गोरखा भूकम्प, कोराना महामारी, जेन्जी आन्दोलनजस्ता ठूला घटनाहरुमा सरकारी अस्पतालहरुले दिन नसकेको स्वास्थ्य सेवा निजी अस्पतालले दिएका थिए।

यस्ता ठूला विपद्हरुमा आफ्नो ज्यानको पनि पर्वाह नराखी निजी अस्पतालहरु घटनास्थलमै पुगी विरामीको उद्दार, औषधोपचारमा खटिएका हुन्छन् । सरकारले उपयुक्त नीतिगत व्यवस्था र सुरक्षित वातावरण तयार गर्न सकेको अवस्थामा प्रदेश र स्थानीयस्तरमा पनि निजी अस्पतालहरु विस्तार हुन सक्छन् । हाल राजधानीलगायत मुख्य सहरी क्षेत्रमै केन्द्रित रहेका निजी अस्पतालहरु विस्तारै प्रदेश र स्थानीय तहमा पनि विस्तार हुन थालेका छन् । विस्तारै डिजिटल स्वास्थ्य सेवालाई बढाउँदै स्थानीय स्तरमै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुग्नसक्छ।

**निजी अस्पतालका समस्या**

नेपालमा निजी क्षेत्रले स्वास्थ्य क्षेत्रमा लगानी गर्दा सामना गर्नुपर्ने चुनौतीहरू बहुआयामिक छन् । नीतिगत, आर्थिक, सामाजिक र संरचनागत कारणले निजी लगानी अपेक्षित गतिमा विस्तार हुन सकेको छैन। निजी क्षेत्रले स्वास्थ्य क्षेत्रमा लगानी गर्दा नीतिगत तथा कानूनी अनिश्चितता, कडा र जटिल नियामक प्रक्रिया, उच्च प्रारम्भिक लगानी र लागत, स्वास्थ्य बीमा प्रणालीको कमजोरी, सामाजिक दृष्टिकोण र विश्वासको सङ्कट, मानव संशाधन समस्या, राजनीतिक हस्तक्षेप र दबाबजस्ता चुनौतीहरू सामना गर्नुपरेको छ । स्वास्थ्यसम्बन्धी नीति र नियमहरू बारम्बार परिवर्तन हुनु, सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार क्षेत्र स्पष्ट नहुनु, दीर्घकालीन लगानीमैत्री स्पष्ट नीति अभावजस्ता कारणहरुले पनि स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न समस्या भएको छ।

दक्ष स्वास्थ्यकर्मीको विदेश पलायन र विशेषज्ञ जनशक्ति सीमित रहने हुँदा निजी क्षेत्रका अस्पतालहरुले पनि मानव संशाधन समस्या भोग्नुपरेको छ। उपचार शुल्कमा स्पष्ट मापदण्ड नहुँदा लागतअनुसार शुल्क लिन नसक्ने अवस्था छैन। निजी अस्पतालहरुलाई महँगो उपचारको आरोप लाग्ने गर्दछ । स्वभावतः सरकारी अस्पतालमा राज्यले वर्षेनी अबौं लगानी गरी सेवा दिएको अवस्थामा निजी क्षेत्र आफैँले लगानी गर्नुपर्दा केही महङ्गो हुनुलाई स्वभाविक मान्नुपर्ने हुन्छ । सामाजिक दृष्टिकोण र विश्वासको सङ्कटका कारण निजी अस्पताललाई नाफामुखी रूपमा मात्र हेर्ने प्रवृत्ति छ । लगानीसँगै त्यसको प्रतिफलको अपेक्षा गर्नु अपराध पनि होइन तर सेवा भावबाटै लगानी गरिएको हुँदा नाफामुखी सोचको आरोप लगाउँदा अन्याय भएको छ।

सरकारी अस्पतालहरुमा मात्र नभई निजी अस्पतालको व्यवस्थापनमा पनि राजनीतिक प्रभाव पर्ने गर्दछ । हडताल, आन्दोलन र आकस्मिक दुर्घटनाजस्ता समस्याहरुबाट पनि निजी अस्पतालहरु प्रत्यक्ष प्रभावित हुने गर्दछन्। सानो गल्तीमा ठूलो सामाजिक दबाब आउने र कहिलेकाहीँ असामान्य अवस्था पनि सिर्जना हुने हुँदा त्यसले डाक्टर र अस्पतालको सुरक्षाको प्रश्न उठ्ने गर्दछ। अस्पताल भवन, अत्याधुनिक उपकरण र प्रविधिमा ठूलो पूँजी आवश्यक पर्दछ। दक्ष जनशक्ति (डाक्टर, नर्स) लाई राम्रो पारिश्रमिक दिनुपर्ने तथा औषधि र मेडिकल उपकरण आयातमा उच्च लागत पर्ने हुँदा लगानी जुटाउन त्यति सहज छैन। शहर केन्द्रित चिकित्सकको सङ्ख्या बढी, भौगोलिक कठिनाई र पूर्वाधारको अभाव, ग्रामीण क्षेत्रमा बिरामी सङ्ख्या कम र खर्च बढी तथा सुरक्षाको चुनौतीका कारण दुर्गम क्षेत्रमा निजी लगानी बढ्न सकेको छैन। त्यस्तै अस्पताल दर्ता, नवीकरण र स्तर निर्धारण प्रक्रिया झन्झटिलो, बहु–निकायबाट अनुमति लिनुपर्ने अवस्था, अनुगमन प्रणाली स्पष्ट र पारदर्शी नहुनुजस्ता कडा र जटिल नियामक प्रक्रियाका कारणले पनि समस्या सिर्जना गरेको छ।

निजी अस्पतालहरु सञ्चालनका लागि नेपाल सरकारले केही नयाँ शर्त र प्रावधानहरु ल्याएको छ। सरसर्ती हेर्दा ती राम्रा लागे पनि अव्यावहारिक र अन्ततः विरामीलाई नै आर्थिक भार थपिने खालका छन् । निजी अस्पताल खोल्न आफ्नै भवन हुनुपर्छ भनिएको छ तर अहिले सञ्चालनमा रहेका ८५ प्रतिशतभन्दा बढी निजी अस्पतालहरु भाडाको भवनमा सञ्चालित छन् । यो प्रावधान कडाइका साथ लागू हुने हो भने ती सबै अस्पतालहरु बन्द हुन्छन् । सरकारले अहिले निजी अस्पतालहरुलाई आफ्नै भवन बनाउन छ वर्षको अवधि दिएको छ, यो समय निकै अप्रयाप्त हुन्छ किनकी अस्पतालको भवन बनाउन जग्गाको बन्दोबस्तदेखि विशेषखालको भवनको संरचना बनाउनुपर्ने हुँदा लगानी र समयको हिसाबले त्यति सहज हुँदैन।

निजी अस्पतालहरुले उपचार शुल्क कति तोक्ने भन्ने यसले प्रयोग गर्ने अत्याधुनिक उपकरणहरु, विज्ञ जनशक्तिको सेवामा निर्भर हुन्छ । स्वदेशमै गुणस्तरीय स्वास्थ्य सेवा पाउँदा विरामीले दुई पैसा महंगो पनि तिर्न तयार हुन्छ तर यहाँ अस्वस्थ प्रतिस्पर्धा छ। पछिल्लो समय समाजमा बढेको अनुशासनहीनता र अराजकताको शिकार खासगरी निजी अस्पतालहरु बननु परेको छ । कुनै पनि डाक्टरले बिरामीलाई बचाउनैका लागि अन्तिम समयसम्म प्रयास गरेको हुन्छ तर सबै बिरामीको रोग निको नहुनसक्छ र यसको मृत्यु भएमा आफन्तहरुले डाक्टरहरुमाथि आक्रमण गर्ने अस्पताल तोडफोड गर्ने प्रवृत्ति बढ्दै गएको छ । यसले गर्दा डाक्टर र निजी अस्पतालहरुले असुरक्षित अनुभव गरिरहेका छन् । विश्वका अन्य देशहरुमा राज्यले पूर्ण सुरक्षाको प्रत्याभूति दिएको हुन्छ । ती देशहरुमा पनि उपचार गर्दागर्दै विरामीको मृत्यु हुन्छ तर यसलाई मुद्धा बनाएर कुटपिट, तोडफोड गर्ने काम हुँदैन।

**निष्कर्षः**

निजी क्षेत्रबाट सञ्चालित अस्पतालहरु सरकारी अस्पतालका प्रतिस्पर्धी नभएर स्वास्थ्य प्रणालीको पूरक संरचना हुन्। उचित नियमन, पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चित गर्नसके निजी अस्पतालहरूले नेपालको स्वास्थ्य सेवा गुणस्तरीय, पहुँचयोग्य र दिगो बनाउन महत्वपूर्ण योगदान दिन सक्छन् । निजी क्षेत्रलाई स्वास्थ्य क्षेत्रमा लगानी गर्न प्रेरित गर्न नीतिगत स्थिरता, सरल नियमन, बिमा प्रणाली सुदृढीकरण र सार्वजनिक–निजी सहकार्य अत्यावश्यक छ।

स्वास्थ्य क्षेत्रमा देखिएका चुनौतीहरु समाधान गर्नसके निजी लगानीले स्वास्थ्य सेवा गुणस्तर, पहुँच र आत्मनिर्भरतामा ठूलो योगदान दिन सक्छ । नेपालजस्तो विकासशील अर्थतन्त्रका लागि अहिले नै स्वास्थ्य सेवामा सरकारको पूर्ण लगानी वित्तीय साधनस्रोतको सीमितताले गर्दा सम्भव नहुने हुँदा निजी क्षेत्रलाई परिपूरकको रूपमा स्वास्थ्य सेवामा सहभागी गराउन तथा तिनको प्रभावकारी नियमन गरेर अघि बढ्न उपयुक्त देखिन्छ । स्वास्थ्य सेवामा आममानिसको पहुँच सुनिश्चित गर्न सरकारी र निजी अस्पतालहरुबीच सहकार्य हुनु आवश्यक छ। (प्रस्तुत विचार ग्रिनसिटी अस्पतालका अध्यक्ष लोकबहादुर टण्डनसँग गरिएको कुराकानीमा आधारित)

# नोट, सक्कली चिन्ने तरिका जान्नुहोस्

रमा पराजुली

काठमाण्डूस्थित बौद्धको एक पसलमा जुत्ता र मोजा किन्न आएका व्यक्तिको बिल १४ हजार ५०० रुपैयाँको भयो । ग्राहकले पसलेलाई १५ वटा हजार नोट दिएपछि पाँच सय रुपैयाँ फिर्ता लिए।

केही समयपछि पसलेलाई नोटहरू नक्कली हुन् कि भन्ने शङ्का लाग्यो । उनले प्रहरीलाई गुहारे । प्रहरीले नोट नक्कली भएको ठहर ग¥यो र सीसीटीभी फुटेजको सहायतामा ती क्रेताको पछि लाग्यो।

खोज्दै जाँदा बुधवार साँझ काठमाण्डूको उत्तरपूर्वी भेगबाट केही व्यक्तिहरू प्रहरीले नियन्त्रणमा लिइएको जनाएको छ।

‘क्रेताले जुत्तामोजा किनेर केही पर राखेको गाडीमा चढेको पाएपछि त्यसकै आधारमा अनुसन्धान अगाडि बढ्दै जाँदा छ जनालाई नक्कली नोट कारोबारमा पक्राउ गरिएको छ,’ नेपाल प्रहरी प्रधान कार्यालयका प्रवक्ता अबिनारायण काफ्लेले बीबीसी न्यूज नेपालीसँग भने।

काफ्लेका अनुसार उनीहरूसँग एकपछि अर्को निस्किएको नोट गन्दै जाँदा ९३ हजार रुपैयाँ मूल्य अङ्कित भएको नोट फेला परेको छ । चालु आर्थिक वर्षमा मात्रै ३५ वटा नक्कली नोटसम्बन्धी मुद्दामा ६५ जना पक्राउ परेको प्रहरीको तथ्याङ्क छ।

तथ्याङ्कअनुसार गएको पाँच आर्थिक वर्षमा नक्कली नोटसम्बन्धी २५७ वटा मुद्दा परेका छन्।

नेपाली नक्कली नोटको कारोबार बाहेक भारतीय मुद्रा र अमेरिकी मुद्राको पनि नक्कली कारोबार भेटिएको प्रहरीको तथ्याङ्कले देखाउँछ।

**नक्कली नोट कसरी फेला पर्छन्? कसरी चिन्ने?**

‘कहिले सादा पोसाकमा खटिएका प्रहरीले फेला पार्छन्,’ प्रहरी प्रवक्ता काफ्ले भन्छन्, ‘कहिलेकाहीँ पसले र अन्य सचेत नागरिकले पनि हामीलाई जानकारी दिनुहुन्छ अनि अनुसन्धान गरिन्छ ।’ प्रहरीले त्यसपछि राष्ट्रब्याङ्कसँग पनि समन्वय गर्छ । राष्ट्र ब्याङ्कले नोटलाई दुरुस्त चोर्न नसकून भनेर विभिन्न सुरक्षा उपायहरू अपनाउने गरेको र झन्झन् बढी त्यस्ता सुरक्षा उपायहरू थप्दै गएको राष्ट्र ब्याङ्कका प्रवक्ता गुरुप्रसाद पौडेल बताउँछन्।

प्रवक्ता पौडेलले भने, ‘हामीले अन्तर्राष्ट्रिय चलन कस्तो छ भनेर अन्य देशका मुद्रा हेरेर त्यसै अनुसार फीचरहरू राखेका छौँ, विदेशमा राम्रो छाप्ने ठाउँ हेरेर छपाएका छौँ, निरन्तर चनाखो भएर हेरिरहेका हुन्छौँ र हाम्रा मुद्रामा सुरक्षा फीचर अद्यावधिक गर्ने गरेका छौँ।’

केन्द्रीय ब्याङ्कले नोट सक्कली हो कि नक्कली भनेर कसरी चिन्ने भन्नेबारे विभिन्न सूचना पनि आफ्नो वेबसाइटमा राखेको छ । विभिन्न मूल्यका नोट नक्कली र सक्कली छुट्याउन भिन्दाभिन्दै जाँच्ने तरिकाहरू वेबसाइटमा अङ्ग्रेजी र नेपाली दुवै भाषामा राखिएको छ।

राष्ट्र ब्याङ्कले वेबसाइटमा लेखेको छ, ‘नोटको अग्र भागमा प्रिन्ट गरिएको “श्री नेपाल राष्ट्र बैङ्क, नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैङ्कबाट रुपैयाँ ५०० रुपैयाँ पाँच सय तुरुन्त पाइने छ।’ कुबेरको आकृति, फरक क्षमता भएका दृष्टिविहीनहरूका लागि राखिएका दुई वटा गोलाकार थोप्लाहरू आदि विशेषताहरू नोटलाई छामेर पत्ता लगाउन सकिने गरी राखिएका विशेषताहरू हुन्।

प्रिन्ट भएको स्थानमा नोटलाई छाम्दा नोटको अन्य स्थानमा भएको प्रिन्टभन्दा केही माथि उठेको अनुभव हुन्छ । नोटमा रहेको कुबेरको आकृतिको रङ्ग नोटलाई हेरिने कोणको आधारमा फरकफरक रङ्गमा परिवर्तन हुन्छ। सामान्य अवस्थामा (प्रकाश प्रसारण नहुने) नोटको अग्र भागलाई हेर्दा उक्त आकृति सुनौलो रङ्गको देखिने र नोटलाई केही ढल्काएर हेर्दा उक्त आकृति हरियो रङ्गको देखिने हुन्छ।

प्रवक्ता पौडेल भन्छन्, ‘हेरेर, छोएर र ढल्काएर (टिल्ट गरेर) तथा यूभी प्रकाशमा जाँच्न मिल्ने किसिमका फीचर छन् हाम्रो नोटमा ।’ खासमा अलिकति पनि चनाखो व्यक्ति झुक्किने अवस्था नरहेको तर नक्कली र सक्कलीको भेउ नपाउनेहरू मात्र झुक्किन सक्ने अधिकारीहरू बताउँछन्।

त्यसका लागि व्यापकरूपमा सचेतना कार्यक्रम गरिरहनुपर्नेमा उनीहरूको जोड छ।

प्रहरी प्रवक्ता काफ्लेका अनुसार शङ्कास्पद नोट छ भने सम्बन्धित वर्षको श्रृखलासँग भिडाएर हेर्दा थाहा हुन्छ।

‘असली नोटमा देख्न सकिने विशेषता हुन्छन्। सुरक्षा धागो हुन्छ, कागजको गुणस्तरबाट पनि थाहा हुन्छ । छपाइको डिजाइन, रङ र आकृति र नापबाट पनि थाहा हुन्छ,’ उनले भने, ‘छोएर पनि थाहा हुन्छ । प्रकाशतर्फ राखेर हेऱ्यो भने नयाँ १ हजार रुपैयाँको नोट हेर्दा त एनआरबी चलिरहेको जस्तो देखिन्छ– ३ डी विशेषता भनिन्छ त्यसलाई।’

बरामद भएका नोटलाई भने प्रयोगशालामा परीक्षण गरेर निक्र्योल गरिन्छ।

**कहाँ बन्छन् नक्कली नोट?**

काफ्लेका अनुसार एकपटक झापामा बोकेर हिँड्न मिल्ने मशीन नक्कली नोट छाप्न प्रयोग भएको फेला परेको थियो।

प्रहरीले पक्राउ गरेका प्रतिवादी र अभियुक्तसँग लिएको बयानमा पनि मशीनमा बनाएको भन्ने सूचना पाएको उनले बताए।

यस्ता नोट नेपालभित्र बन्छन् कि बाहिर पनि भन्ने प्रश्नको जबाफमा प्रवक्ता काफ्लेले भने, ‘खुला सिमाना भएको देश छ, मशीन नभेटिएको हिसाबले, खुला सिमानाका हिसाबले उतै बनाएर ल्याएको पनि देखिन्छ।’

प्रहरीले दक्षिणी सीमा क्षेत्रका विभिन्न स्थानमा नक्कली नोट नेपालतर्फ ल्याउँदै गर्दा नेपाली र भारतीय नागरिकहरू प्रकाउ गरेको सूचना जारी गर्ने गरेको छ।

नक्कली नोटको कारोबारीलाई के कारबाही हुन्छ ?

नेपालको कानूनमा नक्कली नोटलाई ‘खोटो मुद्रा’ भनेर उल्लेख गरिएको छ र त्यसका कारोबारीलाई विभिन्न प्रकारका सजाय तोकिएको छ।

मुलुकी अपराध संहितामा मुद्रा कसुरसम्बन्धी व्यवस्था छ।

कसुर गर्ने वा गराउने व्यक्तिलाई मुद्राको परिणाम र मूल्य विचार गरी पाँचदेखि १० वर्षसम्म कैद र ५० हजारदेखि १ लाख रुपैयाँसम्मको जरिबाना हुने व्यवस्था छ।

खोटा मुद्रा बनाउने सामान राख्न, बनाउन वा मर्मत गर्न नहुने व्यवस्था छ र सोको उल्लङ्घन गर्ने व्यक्तिलाई सात वर्ष कैद र ७० हजार रुपैयाँसम्म जरिबाना छ।

त्यसै गरी मापदण्डविपरीत मुद्रा बनाउन नहुने व्यवस्था पनि छ । त्यसमा पनि सात वर्ष कैद र ७० हजार रुपैयाँ जरिबाना छ।

जाली नोटको कारोबारबापत न्यूनतम पाँचदेखि अधिकतम १० वर्षसम्म जेल र ५० हजारदेखि १ लाख रुपैयाँ सम्मको जरिबाना हुने व्यवस्था छ।

**नक्कली नोट प्राप्त भए के गर्ने?**

व्यक्तिले प्रहरीलाई सूचना दिएपछि कारोबारीहरूको खोजी हुन्छ।

प्रहरीको अनुसन्धानबाट साबित भएपछि नक्कली नोटको अङ्कित मूल्यबराबरको क्षतिपूर्ति तिनै दोषीहरूबाट प्रहरीले सर्वसाधारणलाई फिर्ता गराइदिने गरेको प्रवक्ता काफ्ले बताउँछन्।

नक्कली नोटको कारोबार लागुऔषध र अन्य कारोबारमा पनि हुने गरेको फेला परेको काफ्लेले बताए। बीबीसी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# रास्वपाको बृहत् राजनीतिक समायोजन घोषणासभा

काठमाडौँ।
राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टीका पूर्वनेतृत्व र थरुहट÷थारुवान अभियन्ताबीच समायोजन भएको छ।

आज यहाँ आयोजित रास्वपाको राजनीतिक समायोजन घोषणासभामा उहाँहरूबीच नौ बुँदे सहमतिसहित राजनीतिक समायोजन भएको हो।

सहमतिपत्रमा रास्वपाका उपसभापति डोलप्रसाद अर्याल, नागरिक उन्मुक्ति पार्टीका पूर्ववरिष्ठ उपाध्यक्ष दामोदर पण्डित, थरुहट÷थारुवान अभियानका तर्फबाट लक्ष्मण थारु तथा प्रतिनिधिका रूपमा सुरेन्द्र चौधरीले हस्ताक्षर गर्नुभयो।




सहमतिपत्रमा थारु समुदायको धार्मिक तथा सांस्कृतिक प्रणालीको संरक्षण र प्रवर्द्धनका लागि थारु बहुल क्षेत्रलाई थारु संरक्षित 'विशेष क्षेत्र' घोषणा गर्न कानुनी एवं संवैधानिक प्रक्रिया प्रारम्भ गर्ने उल्लेख छ।

'टीकापुर घटना'लाई राजनीतिक घटनाका रूपमा स्वीकार गर्दै रास्वपाको नेतृत्वमा सङ्घीय सरकार गठन भएपछि शान्ति सुरक्षासँग सम्बन्धित सबै उच्चस्तरीय आयोगका सिफारिसहरूको उचित कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइएको छ।

निजामती सेवा, न्यायिक क्षेत्र, प्रहरीलगायत सबै सरकारी सेवामा आरक्षित वर्गका लागि तोकिएको अनुपातअनुसार थारु समुदायको आरक्षण पूर्ण रूपमा लागू गर्ने पनि सहमति भएको छ।

भूगोल, जनसङ्ख्या, क्षमता र सांस्कृतिक पहिचानका आधारमा प्रादेशिक सुशासनका विविध आयाममा सर्वदलीय राजनीतिक सहमति जुटाउन पहल गर्ने सहमतिमा भनिएको छ। रासस

# प्रतिनिधिसभा निर्वाचन ५९ दिन बाँकी : आयोगले तोक्यो निर्वाचन अधिकृत

निर्वाचन आयोगले ३६ जना जिल्ला न्यायाधीशलाई जगेडामा रहने गरी मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतका रुपमा तोकेको छ।

आयोगले आजै ७७ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत तोकेको थियो।

आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्यको निर्वाचनको मिति तोकिएको छ। यही पुस २५ गतेदेखि लागू हुने गरी प्रतिनिधिसभा सदस्य ऐन, २०७४ को दफा ८ बमोजिम न्याय परिषद्को परामर्शमा ८८ जनालाई मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्त गरिएको थियो।

आयोगका अनुसार यसरी नियुक्त भएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई आगामी माघ २ गतेदेखि आफ्नो निर्वाचन क्षेत्रमा खटिन निर्देशन दिइएको छ।

मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी निर्वाचनका कार्यक्रम सञ्चालन गर्न आयोगले आग्रह गरेको छ।

कूल २७५ सदस्यीय प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट १६५ जना र समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना निर्वाचित हुने व्यवस्था छ। रासस

# गृहमन्त्रीद्वारा अर्यालद्वारा सामाजिक सद्भाव र सहअस्तित्वको रक्षा गर्न आग्रह

गृहमन्त्री ओमप्रकाश अर्यालले धनुषा र पर्सामा भएका केही धार्मिक सद्भाव र सहिष्णुतामाथि खलल पुग्ने किसिमका घटनाका सम्बन्धमा गम्भीर ध्यानाकर्षण भएको जनाउनुभएको छ। उहाँले सो घटनाका सन्दर्भलाई लिएर सबै पक्षसँग तत्काल सद्भाव र सहअस्तित्वको रक्षा हुने गरी समाजमा हिंसा भड्किन नदिन आग्रह गर्नुभएको छ।

गृह प्रशासन र सङ्घीय सरकारको तहबाट गरिनुपर्ने सबै किसिमका सुरक्षाका पूर्वतयारी र सजगता अपनाइएको जनाउँदै गृहमन्त्री अर्यालले एउटाको धर्म र सम्प्रदायलाई आज परेको पीडा भोलि आफ्नो समुदायमाथि पनि पर्न सक्ने भएकाले यस घटनालाई निस्तेज गर्न सबैले आ–आफ्नो ठाउँ र तहबाट जिम्मेवारी बोध गरी भूमिका निर्वाह गरिदिन आग्रह गर्नुभएको हो।

उहाँले सोमबार गृह मन्त्रालयमा विभिन्न संवैधानिक आयोगका कार्यवाहक अध्यक्षहरू, सचिव, तथा पदाधिकारीहरूसँग छलफल गर्नुभएको थियो। सो छलफलमा गृहमन्त्री अर्यालले राज्यका संवैधानिक आयोगहरूले यस्तो अवस्थामा एउटा विवेकको संरक्षकको भूमिका निर्वाह गरिदिनसमेत आग्रह गर्नुभयो।

उहाँले हाल मधेस प्रदेश तथा अन्य केही प्रदेशमा देखिन खोजेका साम्प्रदायिकता संयमता, सजगता र सह–अस्तित्वका आधारमा स्थितिलाई सामान्यीकरण गर्न पनि सबैमा अनुरोध गर्नुभयो। मन्त्री अर्यालले यस्तो अवस्थामा प्रदेश र स्थानीय सरकारहरूले पनि समन्वयात्मक भूमिका निर्वाह गरेर अवस्थालाई सामान्यीकरण गर्नमा महत्वपूर्ण भूमिका रहने बताउनुभयो।

सो क्रममा मधेसी आयोगका कार्यवाहक अध्यक्ष जिवछ शाह, मुस्लिम आयोगका कावा अध्यक्ष महामदीन अलि, थारु आयोगका कावा अध्यक्ष सुबोध सिंह थारु, गृहसचिव राजकुमार श्रेष्ठ, राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारीप्रसाद खरेल, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख अनुसन्धान निर्देशक टेकेन्द्र कार्की तथा गृह मन्त्रालयका सुरक्षा तथा समन्वय महाशाखा प्रमुख तथा सहसचिव आनन्द काफ्ले र आयोगका अन्य सदस्यहरूको उपस्थिति थियो।

आयोगका कार्यवाहक अध्यक्षहरूले हाल मधेस प्रदेशमा देखिएका धार्मिक तथा सांस्कृतिक सद्भाव खलबलाउने गतिविधिहरूलाई केन्द्र तथा प्रदेश सरकार र समुदायका नागरिक तथा बुद्धिजीवीहरूको समन्वयात्मक भूमिका महत्त्वपूर्ण हुने भएकाले त्यसतर्फ ध्यान दिन आग्रह गरेका छन्। गृहमन्त्री अर्यालको अध्यक्षतामा आजै मधेस प्रदेशसहितका २१ जिल्लाका सुरक्षा समितिका पदाधिकारी र सातै प्रदेशका प्रदेश प्रहरी प्रमुखहरूसँग 'भर्चुअल' बैठक सम्पन्न भएको छ। बैठकमा मन्त्री अर्यालले हाल मधेस प्रदेशका जिल्लाहरूको प्रमुख जिल्ला अधिकारीहरू तथा प्रदेश प्रहरी प्रमुखसँग जिल्लाको शान्ति सुरक्षा अवस्थाबारे जानकारी लिनुभएको थियो। रासस

# मन्त्रिपरिषद् बैठकः जेन्जी शहीद परिवार कल्याणकारी समाजलाई अनुदान उपलब्ध गराइने

**काठमाडौँ।**
सरकारले जेन्जी शहीद परिवार कल्याणकारी समाजलाई अनुदान उपलब्ध गराउने भएको छ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले जेन्जी शहीद परिवारका लागि कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने समाजलाई अनुदान उपलब्ध गराउने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो।



बैठकले नेपाल सरकार र इजरायल सरकारबीच हुने श्रम सम्झौता स्वीकृत गर्ने निर्णय गरेको छ। बैठकले नेपाल सरकार र ओमान सरकारबीच हुने समझदारीपत्र समेत स्वीकृत गर्ने निर्णय गरेको छ।

बैठकले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश–२०८२, स्वीकृत गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्ले वन तेस्रो संशोधन नियमावली २०८२, स्वीकृत गरेको छ।

सरकारले राष्ट्रिय अनुसन्धान विभागको अतिरिक्त मुख्य अनुसन्धान निर्देशकमा ओमबहादुर खड्कालाई बढुवा गरेको छ। मन्त्रिपरिषद् बैठकले नेपाल लेखा परीक्षण सेवा समूहीकरणतर्फ उपमहालेखापरीक्षकमा घनश्याम पराजुलीलाई बढुवा गरेको छ। यस्तै समस्याग्रस्त सहकारी संस्थाको सम्पति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने व्यवस्थापन समितिको सदस्यमा कुलप्रसाद न्यौपानेलाई मनोनयन गर्ने बैठकले निर्णय गरेको छ। रासस

# नेपालको रेशम उद्योग पुनःजागरणका लागि राष्ट्रिय पहलको खोजी गरिँदै

नेपालको रेशम उद्योग पुनःजागरणका लागि राजधानीमा राष्ट्रिय रेशम सम्मेलन आयोजना हुने भएको छ।

ह्याण्डलुम फ्याब्रिक्स मेकर्स अफ नेपाल र रेशम विकास केन्द्रको संयुक्त आयोजनामा यही पुस २६ मा सम्मेलन हुन लागेको आज यहाँ आयोजित पत्रकार भेटघाटमा जानकारी दिइयो।

नेपालको रेमश उद्योगलाई रणनीतिक, उच्च मूल्य अभिवृद्धि हुने र दिगो राष्ट्रिय उद्योगका रूपमा पुनःस्थापित गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको ह्याण्डलुम फ्याब्रिक्सका अध्यक्ष रोशकुमार पोखरेलले जानकारी दिनुभयो। सम्मेलनमा सरकार, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, लगानीकर्ता, गैरआवासीय नेपाली, विकास साझेदार, कृषक, सहकारी, उद्यमी तथा निर्यातकर्तालाई एकै मञ्चमा एकत्रित गरिने उहाँले बताउनुभयो।

सम्मेलनमा 'नेपालमा दिगो रेशमखेतीको आधार स्थापना, नेपालको मूल्य अभिवृद्धि रेशम उत्पादन पारिस्थिति प्रणालीको निर्माण र नेपाल रेशम भिजन २०२६–२०३५ को लागि सक्षम रेशम पारिस्थितिक प्रणालीको निर्माणसम्बन्धी सत्र सञ्चालन हुने कार्यसूची छ।

देशमा हाल रेशम उद्योग सञ्चालनमा छैन, यसको कारण सम्भावनाको अभाव होइन,दीर्घकालीन उपेक्षा,विखण्डन र लगानीको कमी हो, विश्वबजारमा दिगो तथा प्राकृतिक वस्त्रको माग बढिरहेका बेला अब रेशमलाई वेवास्ता गर्न सकिँदैन", अध्यक्ष पोखरेलले भन्नुभयो,रेशम विश्वकै उच्च मूल्य हुने कृषि–औद्योगिक उत्पादनमध्ये एक हो। यसको उत्पादनबाट उच्च आम्दानी, न्यून कार्बन उत्सर्जन, महिलामुखी तथा ग्रामीण रोजगारी, कच्चा पदार्थभन्दा मूल्य अभिवृद्धि भएको निर्यात सामग्रीलगायत फाइदा लिन सकिने छ।

करिब २२ हजार हेक्टर क्षेत्रमा किम्बु (मुलबेरी) खेती, रेमश किरापालन, धागो उत्पादन, बुनाइ र वस्त्र निर्माणलाई एकीकृत रूपमा विकास गर्न सके वार्षिक रु पाँच खर्ब बराबरको आर्थिक मूल्य सिर्जना गर्न सकिने सम्भावना रहेको ह्याण्डलुम फ्याब्रिक्सले जनाएको छ।



एकीकृत मूल्य श्रृङ्खलाको अभाव, नीतिगत प्राथमिकताको कमी, वित्तीय पहुँच र बिमाको अभाव, प्रविधि तथा सीपको कमी, बजार तथा निर्यात संयन्त्रको अभावलगायत कारण रेशम उद्योग सङ्कटमा पर्दै गएको पत्रकार सम्मेलनमा उल्लेख गरिएको थियो। सोही समस्या समाधानमा सरोकार भएकाहरूको ध्यानाकृष्ट गर्ने लक्ष्यका साथ सम्मेलन आयोजना गरिएको ह्याण्डलुम फ्याब्रिक्सका अध्यक्ष पोखरेलको स्पटोक्ति छ।

सम्मेलनमा नेपालको रेशम विकासको १० वर्षे ढाँचा (२०२६–२०३५) को अवलम्बन, 'क्लस्टर'मा आधारित किम्बुखेती र रेशम किरापालन, विशेष वित्तीय, व्यापारिक तथा बिमा संयन्त्र, प्रविधि हस्तान्तरण र सीप विकास, एकीकृत 'नेपाल सिल्क ब्राण्डिङ' र बजार पहुँचलगायत विषयमा छलफल हुने जनाइएको छ। सम्मेलनबाट रेशमलाई रणनीतिक राष्ट्रिय उद्योगको मान्यता, सरकारलाई नीतिगत सिफारिस, लगानी तथा वित्तीय प्रतिबद्धता, किसान, सहकारी, लगानीकर्ता र निर्यातकर्ताबीच नयाँ साझेदारी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय मिडियामार्फत जनचेतना अभिवृद्धि हुने अपेक्षा गरिएको ह्याण्डलुम फ्याब्रिक्सका उपाध्यक्ष रामलाल श्रेष्ठले जानकारी दिनुभयो। रासस

# पर्यटक बढेसँगै ठोरीमा होटल तथा रिसोर्ट खुल्न थाले

पर्साको ठोरीमा भारतीय र स्वदेशी पर्यटकको आवागमन बढेसँगै होटल तथा रिसोर्टमा लगानी बढेको छ। ठोरी पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै गएपछि झण्डै एक दर्जनको हाराहारीमा होटल तथा रिसोर्ट सञ्चालनमा आइसकेका छन्।

कलाकार तथा होटल व्यवसायी सुशान्तसिंह ठकुरीले पनि यहाँ आउने पर्यटकलाई लक्षित गर्दै रेष्टुरेन्टलाई सुविधासम्पन्न रिसोर्टको विस्तारमा जुटेको बताउनुभयो।

"हामीले यहाँ चार वर्षदेखि रेष्टुरेन्ट सञ्चालन गरिरहेका थियौँ, पछिल्लो समय पर्यटक बढेसँगै नेचर रिसोर्ट गरिरहेका छौँ", उहाँले भन्नुभयो।

ठकुरीले रिसोर्ट निर्माणका लागि करिब चार करोड लगानी गरिएको बताउनुभयो। ठोरीमा भारतीय र स्वदेशी पर्यटकको आवागमनले यहाँको व्यापार बढेको उहाँको भनाइ छ। उहाँका अनुसार चार वर्ष अघिसम्म ९० प्रतिशत भारतीय पहुना र १० प्रतिशत स्वदेशी पहुना आउने गर्नुहुन्थ्यो। तर, अहिले यहाँ ७० प्रतिशत भारतीय पहुना र ३० प्रतिशत स्वदेशी पाहुना आउन थालेका छन्।

त्यस्तै पछिल्लो समय वीरगञ्जका व्यवसायी जिम्दार राउतकुर्मी र धमेन्द्र पटेलले पनि ठोरीमा स्वीमिङपुलसहितको लर्डस अफ ठोरी होटल सञ्चालनमा ल्याउने तयारीमा हुनुहुन्छ।

ठोरीमा घुम्न आउने पर्यटकको बसाई लम्बाउनका लागि व्यवस्थित खालको आवासीय होटलको अभावलाई परिपूर्ति गर्नका लागि होटल सञ्चालनमा ल्याएका हौं उहाँले बताए। अहिले पनि ठोरीमा राम्रो बस्नलायक होटलको अभावलाई यसले टेवा पुग्ने विश्वास लिएका छौं। अहिले ठोरीमा झण्डै साना–ठूला गरेर करिव डेढ दर्जन होटल तथा रिसोर्टमा रु ५० करोडभन्दा धैरै लगानी भइसकेको व्यवसायीहरु बताउँछन्।

पछिल्लो समय ठोरी बाह्रैमास व्यापार हुने पर्यटकीय गन्तव्य बनेको छ। भारतीय मात्र होइन, पर्सा आसपासका स्वदेशी पर्यटक पनि ठोरी आउने गरेका छन्। ठोरीमा राईधारा, सेतो पहाड, गोलेडाँडा, रातो पहाड, सिनेही पहाड, 'स्टोनपार्क' रानीवन, अमृतधारा, चिसापानी, सीतागुफा, वनशक्ति मन्दिर, बाघमोर्चा मन्दिर, सिकारीबासलगायत करिब ५० पर्यटकीयस्थल छन्।

सुवर्णपुरमा मधेश प्रदेशको पहिलो घरबास ९होमस्टे० सञ्चालनमा छ। ठोरी गाउँपालिका(२ स्थित भ्युटावरबाट सूर्योदय र सूर्यास्त हेर्न धैरै पर्यटक जाने गरेका छन्। ठोरी तीनवटा राष्ट्रिय निकुञ्जको सङ्गमस्थल हो। वन्यजन्तु तथा वनस्पतिको अवलोकन गर्न प्रकृतिप्रेमी पर्यटक पनि त्यहाँ जाने गरेका छन्।

भारतको सीमावर्ती सहर जमुनिया, नरकटियागञ्ज, रामनगर, रक्सौल, सुगौली, मुजफ्फरपुर र पटनालगायत सहरबाट पर्यटक ठोरी आउने गरेका पर्यटन व्यवसायी ठकुरीले बताउनुभयो। रासस

# प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार छनोट गर्दै एमाले

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले देशभर उम्मेदवार सिफारिस गर्ने प्रक्रियालाई गति दिएको छ। पार्टी केन्द्रको निर्देशनअनुसार जिल्ला र निर्वाचन क्षेत्रीय कमिटीहरूले उम्मेदवार सिफारिस गरिरहेका छन्। सिफारिसका क्रममा कतिपय जिल्लाबाट एकल नाम पठाइएको छभने केही जिल्लाबाट एकभन्दा बढी आकाङ्क्षीको नाम सिफारिस गरिएको छ। केही जिल्लाले सबै इच्छुक उम्मेदवारको नामसमेत केन्द्रमा पठाएका छन्।

एमाले सचिव महेश बस्नेतका अनुसार हालसम्म २४ वटा निर्वाचन क्षेत्रबाट एकल नाम सिफारिस भइसकेको छ। एकल सिफारिस भएका उम्मेदवार र निर्वाचन क्षेत्रहरूमा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली–झापा–५, उपाध्यक्ष विष्णु पौडेल–रुपन्देही–२, महासचिव शङ्कर पोखरेल– दाङ–२, उपमहासचिव लेखराज भट्ट– कैलाली–४, एमाले सचिव महेश बस्नेत– भक्तपुर–२ बाट सिफारिस हुनुभएको छ।

त्यस्तै, एमाले नेताहरू प्रदीप ज्ञवाली– गुल्मी–१, ईश्वर पोखरेल– काठमाडौँ–५, लीलानाथ श्रेष्ठ– सिरहा–३, अजय गुप्ता–रौतहट–१, हरि उप्रेती– सर्लाही–३, तिलक महत– नवलपुर–२, मिलन गुरुङ– गोरखा–२, बद्री मैनाली– नुवाकोट–१, सूर्य ढकाल– बाँके–१, दलबहादुर सुनार– बाँके–३, विश्राम चौधरी– कपिलवस्तु–१, सुहाङ नेम्वाङ– इलाम–२, लक्ष्मी महतो कोइरी–महोत्तरी–१ सिफारिस हुनुभएको छ।

साथै, प्रतिनिधिसभा निर्वाचनका लागि सिफारिस हुनुभएका नेताहरूमा ध्रुव शाही–सुर्खेत–१, कलाधर देवकोटा–सुर्खेत–२, गुलाबजङ्ग शाह–सल्यान, मणिराम फुयाल–काठमाडौँ–२ (प्रस्ताव), दामोदर भण्डारी– बैतडी,गणेश ठगुन्ना–दार्चुला रहनुभएको छ।

सचिव बस्नेतका अनुसार अन्य केही निर्वाचन क्षेत्र र जिल्लाहरूले पनि सर्वसम्मत रूपमा एकल नाम चयन गरिसकेका छन्भने केही स्थानमा उम्मेदवार छनोटको प्रक्रिया अझै जारी छ। सबै जिल्ला र निर्वाचन क्षेत्रबाट आएका सिफारिस केन्द्रमा पुगेपछि उम्मेदवारको अन्तिम टुङ्गो लगाउने छ। रासस

# पूर्वप्रधानमन्त्री ओलीमाथि लगाइएको स्थान हद फुकुवा

पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी ९एमाले० का अध्यक्ष केपी शर्मा ओलीमाथि लगाइएको स्थान हद फुकुवा गरिएको छ। गत भदौ २३ र २४ गतेको घटनासम्बन्धी छानविन गर्न गठित जाँचबुझ आयोगले पूर्वप्रधानमन्त्री ओलीमाथि लगाइएको विदेश भ्रमणमा रोक लगाउने र स्वीकृतबेगर काठमाडौँ उपत्यका छाडन नपाउने व्यवस्था हटाएको हो। आयोगको सोमबार बसेको बैठकले सो निर्णय गरेको हो।

आयोगका सदस्य एवं प्रवक्ता विज्ञानराज शर्माले उक्त घटनाका सम्बन्धमा प्रधानमन्त्रीको हैसियतले उहाँले गरेका काम कारबाही सम्बन्धमा सोधपुछ गर्ने काम सम्पन्न भएकाले स्थान हद फुकुवा गरिएको जानकारी दिनुभयो।

भदौ २३ र २४ गतेका घटनाहरुको छानबिन तथा जाँचबुझको सिलसिलामा अनुसन्धानको दायरामा रहेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई विदेश भ्रमणमा रोक लगाउने र आयोगको स्वीकृति बेगर काठमाडौँ उपत्यका छाड्न नपाउने व्यवस्था गर्न असोज १२ गतेको बैठकबाट निर्णय गरिएको थियो", आयोगको निर्णयमा भनिएको छ, "ती घटनाका सम्बन्धमा प्रधानमन्त्रीको हैसियतले उहाँले गरेका काम कारबाही सम्बन्धमा यस आयोगबाट उहाँसँग सोधपुछलगायत बुझ्ने कार्य सम्पन्न भइसकेकाले उहाँको विदेश भ्रमण र उपत्यका छाड्न नपाउने निर्णयको औचित्य समाप्त भएकाले फुकुवा गरिएको छ।" आयोगको टोलीले बयान लिने क्रममा आइतबार गुण्डुस्थित अध्यक्ष ओलीको निवासमा पुगेको थियो। आयोगको टोलीलाई अध्यक्ष ओलीले लिखित बयान बुझाउनुभएको थियो।

यसअघि, आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकसँग बयान लिइसकेको छ। प्रवक्ता शर्माका अनुसार चार सुरक्षा निकायका प्रमुखसँग, जिल्ला प्रशासन कार्यालयका प्रमुख लगायतका व्यक्तिसँग बयान लिने काम गरिसकेको छ। बयान लिने काम लगभग सकियो, आयोगले तीव्ररुपमा काम गरिरहेको छ प्रवक्ता शर्माको अनुसार जेनजी आन्दोलनमा प्रत्यक्ष सरोकार भएका र अन्य सम्बन्धित व्यक्तिहरुसँग भेटेर विवरण लिने काम भएको छ। आयोगको कार्यदेशअनुसार तीन महिनाको अवधि सकिएपछि एक महिनाका लागि थप गरिएको छ। रासस

# ठगीबाट सचेत रहन बेलायतस्थित नेपाली दूतावासको आग्रह

**बेलायत।**
बेलायतमा 'वर्क परमिट' दिलाइदिने बहानामा ठगीका घटना बढेको भन्दै सचेत रहन लण्डनस्थित नेपाली दूतावासले आग्रह गरेको छ।

दूतावासले एक विज्ञप्ति जारी गर्दै कामका लागि प्रायोजक खोजिदिने बहानामा नेपालीहरु ठगीमा परेका गुनासो बढेकाले ठगीबाट बच्न आग्रह गरेको हो। ठगीमा परेको गुनासो गर्नेहरुमा नेपालबाट बेलायत आउन चाहनेहरुको सङ्ख्या धेरै रहेको दुतावासले जनाएको छ। कतिपय बेलायतमै रहेका तर कामको खोजी गरिरहेका नेपालीसमेत ठगीमा परेको



गुनासो बढिरहेको दूतावासले जनाएको छ । ठगी गर्नेहरु कतिपय नेपालीमूलका व्यक्तिहरु नै रहेको बुझिएको छभने चिनेजानेकै नेपालीहरुमार्फत तेश्रो मुलुकका व्यक्तिहरुसँगको सम्पर्कमा पुगी ठगीमा परेकाहरुको गुनासो पनि आएको विज्ञप्तिमा उल्लेख छ। यस्ता अपराधहरु नेपाल र बेलायत दुवै मुलुकमा दण्डनीय हुने हुनाले समस्या परेको खण्डमा नेपालका अनुसन्धान गर्ने निकायहरु तथा बेलायतमा रहेका स्थानीय प्रहरी एवं नेशनल एण्टी फ्रड नेटवर्क (एक्सन फ्रड) मा उजुरी गर्न समेत दूतावासको सुझाव छ।

बेलायतका लागि कार्यवाहक नेपाली राजदूत विपिन दुवाडीले प्रमाणसहित आउने पीडितको न्यायको लागि सहजीकरण गर्न दूतावास तयार रहेको बताउनुभयो । समस्यामा परेका नेपालीलाई दूतावासको इमेल वा +४४–७४०४९३९२७४ मा सम्पर्क गर्न दूतावासले आग्रह गरेको छ। रासस

# काठमाडौँ र ललितपुरमा निरन्तर बजार अनुमगन

**काठमाडौँ**
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले काठमाडौँ र ललितपुरका विभिन्न १७ वटा फर्ममा अनुमगन तथा निरीक्षण गरेको छ।

विभागले काठमाडौँको गैरीगाँउस्थित युवराज टे«ड एण्ड सप्लायर्सलाई रु १० हजार जरिवाना गरेको छ । विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५, दफा ३८ 'घ' बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ 'क' बमोजिम कारबाही गरिएको विभागले जनाएको छ।

विभागले अन्य १६ वटा फर्मलाई भने निर्देशनात्मक कारबाही गरेको छ।

विभागले स्थानीय प्रशासन, जनप्रतिनिधिसहितको सहभागितामा बजारमा स्वच्छता कायम गर्न निरन्तर अनुगमन तथा निरीक्षण गर्दै आएको छ। रासस

# युक्रेनले पुटिनको आवासमा ड्रोन आक्रमण गरेको प्रमाण छैन ट्रम्प



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको आवासलाई लक्षित गरी ड्रोन आक्रमण नगरेको अमेरिकी अधिकारीहरूको निष्कर्ष रहेको बताउनुभएको छ । यसअघि क्रेमलिनले युक्रेनले पुटिनको आवास नजिक ड्रोन आक्रमण गरेको दाबी गर्नुभएको थियो।

ट्रम्पका अनुसार पुटिनको आवास नजिक कुनै घटना भएको हुन सक्छ, तर सो आवास नै लक्षित गरिएको प्रमाण अमेरिकी पक्षले फेला पारेको छैन । उहाँले आवश्यक जाँचपछि यस्तो निष्कर्षमा पुगेको बताउनुभयो।

यो आरोप युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र ट्रम्पबीच युद्ध अन्त्यका लागि प्रस्तावित २० बुँदे योजनाबारे वार्ता भएको लगत्तै आएको थियो। जेलेन्स्कीले सुरुबाटै सो आरोप अस्वीकार गर्नुभएका थिए । युरोपेली अधिकारीहरूले पनि उक्त दाबी शान्ति प्रयासलाई कमजोर पार्ने रुसी प्रयास भएको बताएका छन्।

ट्रम्पले युक्रेन युद्ध छिटो अन्त्य गर्ने प्रतिवद्धता जनाउँदै आउनुभएको छ, तर रुसी पक्षले आफ्ना मुख्य उद्देश्य पूरा नभएसम्म वार्तामा रुचि नदेखाएको सङ्केत दिएको छ । रासस

# दक्षिण अफ्रिकी सङ्गठनहरूद्वारा भेनेजुएलाविरुद्धको अमेरिकी सैन्य कारबाहीको कडा निन्दा

दक्षिण अफ्रिकाका विभिन्न राजनीतिक, नागरिक समाज र श्रम सङ्घ सङ्गठनहरूले भेनेजुएलामा अमेरिकाको सैन्य कारबाहीको कडा निन्दा गरेका छन्। उनीहरूले यसलाई अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घन भएको बताएका छन्।

शनिबार जारी विज्ञप्तिमा दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीले अमेरिकी प्रशासनद्वारा भेनेजुएलामा भएको 'सैन्य आक्रमण' लाई 'आपराधिक' भनेको छ । पार्टीका अनुसार यो आक्रमण अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसङ्घको चार्टरको स्पष्ट उल्लङ्घन हो।

पार्टीले भेनेजुएलाका राष्ट्रपति निकोलस माडुरो र उहाँकी पत्नीको अपहरणलाई 'अन्तर्राष्ट्रिय डकैती' को रूपमा वर्णन गरेको छ। अमेरिका शनिबार भेनेजुएलामा सैन्य कारबाही सञ्चालन गरेको थियो, जसमा माडुरो र उहाँकी पत्नी पक्राउ परेर भेनेजुएलाबाट बाहिर लगिएका छन्।

पार्टीका अनुसार अमेरिकी कारबाही लामो समयदेखि भेनेजुएलाविरुद्धको धम्की र शत्रुतापूर्ण वक्तव्यको परिणति हो। यसले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा खतरा र लाखौं नागरिकको जीवन जोखिममा पारेको छ । अमेरिकी प्रशासनको उद्देश्य भेनेजुएलाका रणनीतिक स्रोतहरू नियन्त्रणमा राखेर आफ्नो इच्छानुसारको शासन स्थापना गर्नु रहेको पार्टीले जनाएको छ । सङ्गठनले भेनेजुएलाको जनता, क्षेत्र र स्वतन्त्रताको रक्षा गर्ने अधिकारको समर्थन गरेको छ। त्यसैगरी, नागरिक समाजको समूहले संयुक्त विज्ञप्तिमा अमेरिकी बमबारीको निन्दा गरेका छन् । उहाँहरूले भेनेजुएलालाई यसको तेल स्रोतको कारण लक्षित गरिएको र यसको निर्वाचित सरकारलाई आफ्नो इच्छानुसारको शासनमा बदल्न खोजिएको बताएका छन् । यसैगरी, दक्षिण अफ्रिका श्रम सङ्घ महासङ्घले पनि अमेरिकी अवैध सैन्य हस्तक्षेपको कडा निन्दा गरेको छ।

दक्षिण अफ्रिकाको मजदुर सङ्घले विश्वभरका प्रगतिशील शक्तिहरूलाई अमेरिकी आक्रमणको निन्दा गर्न आह्वान गरेको छ । यस सङ्घले संयुक्त राष्ट्रसङ्घलाई भेनेजुएलासँग उभिनुपर्नेमा जोड दिएको छ। रासस

# दोस्रो राष्ट्रिय आर्थिक गणना गरिँदै, चैतदेखि असारसम्म देशैभर तथ्याङ्क सङ्कलन गरिने

देशको समग्र आर्थिक अवस्थाको तथ्याङ्कीय माध्यमबाट यथार्थ चित्र प्राप्त गर्न सरकारले दोस्रो राष्ट्रिय आर्थिक गणना, २०८२ सञ्चालन गर्ने भएको छ । राष्ट्रिय आर्थिक गणना, २०८२ को कार्यतालिका, लोगो र नारा सार्वजनिक गर्न आज आयोजित कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले आगामी वर्षको असारसम्म तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने लक्ष्य लिएको जानकारी गराएको हो।

'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नाराका साथ जिल्लास्तरमा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी २०८२ चैत १ देखि २०८३ असार मसान्तसम्म देशैभर तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने लक्ष्य लिएको छ।

कार्यालयका प्रवक्ता तथा उपप्रमुख तथ्याङ्क अधिकारी ढुण्डिराज लामिछानेका अनुसार गणनाबाट प्राप्त विवरणका आधारमा आर्थिक वर्ष २०८३र८४ को सुरु अवधिदेखि नै यसका नतिजाहरू क्रमशः सार्वजनिक गरिने छ । उहाँका अनुसार यो गणना मुलुकको आर्थिक नीति, योजना तथा विकास रणनीति निर्माणका लागि आधारभूत र भरपर्दो तथ्याङ्क उपलब्ध गराउने महत्त्वपूर्ण कार्यका रूपमा रहेको छ।

राष्ट्रिय आर्थिक गणनाबाट उद्योग, व्यापार, व्यवसाय, सेवा क्षेत्र, सहकारी तथा निजी–सार्वजनिक संस्थाहरूको सङ्ख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण सङ्कलन गरिने मूल उद्देश्य लिइएको तथ्याङ्क अधिकारी लामिछानेको भनाइ छ।

गणनाको उद्देश्य र महत्त्वबारे प्रकाश पार्दै प्रमुख तथ्याङ्क अधिकारी डा कमलप्रसाद पोखरेलले आर्थिक तथ्याङ्कको संस्थागत मजबुत आधार निर्माणमा यो गणनाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। उहाँले भन्नुभयो, "राज्यले तय गर्ने अल्पकालीन तथा दीर्घकालीन आर्थिक योजना, लगानी प्रवर्द्धन र रोजगारी सिर्जनामा आवश्यक महत्त्वपूर्ण योगदान पुर्यालउने र विवरण प्राप्त गर्ने अपेक्षा गरिएको छ । यो गणना देशको आर्थिक तथ्याङ्कको विश्वसनीय पद्धति विकासको आधारस्तम्भका रूपमा लिइएको छ।"

यस गणनाका आधारमा देशको कुल गार्हस्थ्य उत्पादनका अनुमानहरू सुदृढीकरण गर्ने, राष्ट्रिय लेखाका आधार वर्ष परिवर्तन गर्न आवश्यक तथ्याङ्क उत्पादन गर्ने र सरकारले तय गर्ने नीतिनिर्माण र योजना तर्जुमा गर्न तथा नीतिमार्फत लिएका लक्ष्यहरूको मापनमा सहयोग गर्ने अन्य उद्देश्य रहेका छन्।

सरकारले २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरेको थियो। उक्त तथ्याङ्कमा देशैभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठानरव्यवसायहरू गणना गरिएका र ती प्रतिष्ठानहरूमा जम्मा ३२ लाख २८ हजार ४५७ मानिसहरू संलग्न रहेका पाइएको थियो। साथै प्रतिष्ठान÷व्यवसायहरूमा करिब ३० प्रतिशत महिला व्यवस्थापक रहेका विवरणहरू सार्वजनिक भएका थिए भने उक्त गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानहरूको सङ्ख्या बराबरी जस्तो रहेको देखाएको थियो।

देशको अर्थतन्त्रको आकार तय गर्ने प्रयोजनका लागि समग्र आर्थिक क्रियाकलापहरूलाई अन्तरराष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार २१ भागमा विभाजन गरी ती क्षेत्रले अर्थतन्त्रमा पुर्याएको योगदान मापन हुँदै आएको छ । यस



राष्ट्रिय आर्थिक गणनामा ती २१ वटा वर्गीकरणमध्ये विभिन्न १८ वटा क्षेत्रको आधारभूत विवरण सङ्कलन गरिनेछ। गणनामा देशैभर रहेका दर्ता भएकारनभएका ठूला वा साना व्यापाररप्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार मात्रै भएका, उद्योग, कलकारखाना, व्यापार–व्यवसाय, गैरसरकारी सङ्घसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल आदि आर्थिक क्रियाकलाप गरिरहेका एकाइमा गणना सञ्चालन गरिनेछ।

यद्यपि अन्तरराष्ट्रिय सङ्घसंस्था, कूटनीतिक नियोग, प्रशासनिक क्रियाकलाप र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय, सुरक्षा निकायहरू, सामान्य घरायसी क्रियाकलाप गरिने कार्य र क्षेत्र भने यो गणनामा समेटिने छैन।

प्रवक्ता लामिछानेका अनुसार यस गणनामा २०८२ को फागुनसम्म गणनाको पूर्वतयारीका सम्पूर्ण कार्यहरू सम्पन्न गरी चैत १, २०८२ देखि देशैभरका ७७ जिल्ला र सात थप गरी ८४ वटा जिल्ला आर्थिक गणना कार्यालयहरू स्थापना गरिनेछ। यसका साथै २०८३ को असार मसान्तसम्ममा सबै कार्यालयहरू बन्द गरिनेछ । गणनाका लागि मुख्य प्रश्नावली, अधिकृत पुस्तिका, गणना पुस्तिका लगायतका गणना सामग्री निर्माणको कार्यलाई सञ्चालन गरिएको छ।

विसं २०८२ फागुन मसान्तसम्म केन्द्रस्तरमा जनशक्ति व्यवस्थापनका कार्यहरू गरिनेछ भने जिल्लामा रहने जिल्ला आर्थिक गणना कार्यालयमा स्थायी कर्मचारी र स्थलगत कार्यका लागि करारमा सुपरिवेक्षक तथा गणक खटाउने व्यवस्था गरिएको छ। आगामी चैत ३० गतेसम्म विभिन्न चरणमा गरी मुख्य प्रशिक्षक तालिम, अधिकृत तालिम र सुपरिवेक्षक तथा गणक कर्मचारीको तालिम सम्पन्न गरिनेछ। यस लगत्तै तथ्याङ्क सङ्कलनका लागि २०८३ वैशाख २ देखि असार ७ गतेसम्म तालिम प्राप्त गणक तथा सुपरिवेक्षकहरू स्थलगत रूपमा खटिनेछन् । रासस

# बेलायतमा दिउँसोको समयमा "जङ्क फूड" को विज्ञापनमा प्रतिबन्ध

बेलायतमा सोमबार देखि लागु भएको नयाँ नियमले दिउँसोको समयमा जङ्क फुडको टिभी र अनलाइन विज्ञापनहरूमा प्रतिबन्ध लगाएको छ । यसलाई बेलायत सरकारले बाल्यकालको मोटोपनाको सामना गर्न "विश्वकै अग्रणी कार्य" भनि अर्थायिएको छ।

प्रतिबन्ध–चिल्लो पदार्थ, नुन वा चिनीमा उच्च उत्पादनहरूका विज्ञापनहरूलाई लक्षित गर्दै–हरेक वर्ष बच्चाहरूको आहारबाट उल्लेख्य क्यालोरीहरू हटाउने अपेक्षाले गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। साँझ ९ बजे भन्दा पहिले प्रसारण हुने यस्ता विज्ञापनहरू बन्द गर्दै यसले मोटोपनासँग बाँचिरहेका बच्चाहरूको सङ्ख्या २० हजारले घटाउने अपेक्षा राखेको मन्त्रालयले जनाएको छ । यसको कार्यान्वयन–पहिलो पटक डिसेम्बर २०२४ मा घोषणा गरिएको जनाइएको छ । जसमा



पूर्व–प्याकेज गरिएका वस्तुहरू जस्तै मिल्कशेक, रेडी–टु–गो कफी र मीठो दही पेयपदार्थहरू समावेश छ।

स्थानीय अधिकारीहरूलाई विद्यालय बाहिर स्थापना हुने फास्ट फूड पसलहरू रोक्ने अधिकार पनि दिइएको छ। सरकारले विज्ञापनले बच्चाहरूलाई प्रभावीत पारी कम उमेरदेखि नै जङ्क फुड खान प्रेरित गरी मोटोपना र सम्बन्धित रोगहरूको जोखिम बढाउँने तर्क प्रस्तुत गरेको छ।

यसले इङ्गल्यान्डमा प्राथमिक विद्यालय सुरु गर्ने पाँच वर्ष उमेरका २२ प्रतिशत बालबालिकाहरूमा अधिक तौल वा मोटो पनले ग्रसित हुने र माध्यमिक विद्यालयमा पुग्दासम्म प्रभाव झनै बढी हुने गरेको जनाइएको छ । अधिकारीहरूका अनुसार सामान्यतया पाँचदेखि नौ वर्ष उमेरका साना बच्चाहरू जङ्क फुडको सेवन पछि दाँतको समस्या समाधानका लागि बेलायतको अस्पतालमा भर्ना हुने गरेका छन्। राति ९ बजे भन्दा पहिले जंक फूडका लागि विज्ञापनहरू प्रतिबन्धित गरि अस्वास्थ्यकर खानाहरूको अत्यधिक जोखिम हटाउने स्वास्थ्य मन्त्री एशले डाल्टनले विज्ञप्ति मार्फत जनाउनु भएको छ।

उहाँले यो कदम राज्य–वित्त पोषित राष्ट्रिय स्वास्थ्य सेवा एनएचएस लाई रोगको रोकथामका साथै उपचारमा ध्यान केन्द्रित गर्ने रणनीतिको एक हिस्सा भएको बताउदै मानिसहरूले स्वस्थ जीवन बिताउन सकून् भन्ने अभिप्रायले गरेको बताउनु भएको छ । ओबेसिटी हेल्थ एलायन्सका कार्यकारी निर्देशक क्याथरिन जेनरले यो कदम बच्चाहरूलाई उनीहरूको स्वास्थ्यलाई हानि पुर्याउने अस्वास्थ्यकर खाना र पेय पदार्थको विज्ञापनबाट संरक्षण गर्ने दिशामा स्वागतयोग्य र लामो समयदेखि प्रतीक्षा गरिएको विषय भएको बताउनु भएको छ । परोपकारी संस्था मधुमेह बेलायत ले पनि विज्ञापन प्रतिबन्धलाई स्वागत गरेको छ। रासस

# आईसीसी टी–२० विश्वकप ट्रफी काठमाडौं र पोखरामा प्रदर्शनी हुने

आईसीसी टी–२० विश्वकप क्रिकेटको ट्रफी नेपालका विभिन्न ऐतिहासिक तथा धार्मिक स्थलमा प्रदर्शनी गरिने भएको छ। ट्रफी टुरअन्तर्गत नेपाल आइपुगेको विश्वकप ट्रफी सोमबार राष्ट्रपति कार्यालयमा प्रदर्शन गरिएको थियो। नेपाल क्रिकेट संघ ९क्यान० का प्रवक्ता छुम्बी लामाका अनुसार ट्रफी मंगलबार पोखरामा प्रदर्शनी गरिनेछ। बिहान ८ बजेदेखि १२ बजेसम्म पोखरामा ट्रफीको फोटो सुट कार्यक्रम तय गरिएको छ। त्यसपछि दिउँसो ४ बजेदेखि ६ बजेसम्म काठमाडौंको वसन्तपुर दरबार क्षेत्रमा सर्वसाधारणका लागि प्रदर्शनी गरिने तालिका छ।

यस्तै, बुधबार दिउँसो २ बजेदेखि ३ बजेसम्म बौद्धनाथ स्तूप परिसरमा पनि ट्रफी प्रदर्शनीमा राखिने क्यानले जनाएको छ। आगामी टी–२० विश्वकप फेब्रुअरी ७ देखि मार्च ८ सम्म आयोजना हुँदैछ। उक्त प्रतियोगितामा नेपाल पनि सहभागी हुनेछ। यो नेपालले तेस्रो पटक टी–२० विश्वकप क्रिकेट खेल्न लागेको हो।

# वन क्षेत्रमा सुशासन अभिवृद्धिबारे पत्रकारलाई तालिम



रेड कार्यान्वयन केन्द्रले वन क्षेत्रमा सुशासन अभिवृद्धि विषयमा तालिम सम्पन्न गरेको छ।

धुलिखेलमा आइतबार र सोमबार आयोजित उक्त तालिम महिला पत्रकारहरुलाई लक्षित गरी आयोजना गरिएको थियो । जसअन्तर्गत तालिममा जलवायु परिवर्तन, कार्बन व्यापार र वनबाट समृद्धिका विषयमा पत्रकारिता कसरी गर्नेबारे प्राविधिक र मुद्दा उठानमा जोड दिइएको थियो।

रेड कार्यान्वयन केन्द्रका प्रमुख तथा सहसचिव नवराज पुडासैनीले कार्यक्रममा केन्द्रको भूमिका, जलवायु परिवर्तनमा भइरहेका गतिविधि, वन उद्यमशीलताका विषयमा जानकारी दिनुभएको थियो । उहाँका अनुसार वनबाट समृद्धि बन्ने साना तथा ठूला औद्योगिक क्षेत्रको महत्व बढ्दै गएको भए पनि सकारात्मक समाचार लेखनमा कमी आएको बताउनुभयो।

पूर्वसहसचिव एवं जलवायुविज्ञ डा सिन्धुप्रसाद ढुङ्गानाले जलवायु वित्तको अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँका अनुसार काम गर्नसक्ने प्रशस्त बजेट आएको भए पनि यसलाई सहजै रुपमा प्रयोग गर्न अर्थमन्त्रालयको झन्झटिलो प्रक्रियाले समस्या सिर्जना भएको उल्लेख गर्नुभयो । उहाँले पछिल्लो समय सरकारको उद्देश्यअनुरुप जङ्गलको क्षेत्र वृद्धि भएको जानकारी गराउनुभयो। यद्यपी अब जङ्गल संरक्षणतिरभन्दा त्यसबाट समृद्धिको बाटोतर्फ कसरी पुग्नेतर्फ सरकाकारले ध्यान दिनुपर्ने उहाँको भनाइ छ।

कार्यक्रममा भू–संरक्षण अधिकृत महेश ढुङ्गानाले समृद्धिका लागि वन परियोजनाको विषयमा हालसम्म भएका सकारात्मक कार्यमाथि कार्यपत्र प्रस्तुत गर्नुभयो।रासस

# कांग्रेस कार्यसम्पादन समितिको अर्को बैठक मङ्गलबार बस्ने




**काठमाडौँ ।**
नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक मङ्गलबार पुनः बस्ने भएको छ । कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा आज बसेको बैठकमा राष्ट्रियसभा सदस्य निर्वाचन २०८२ का सन्दर्भमा छलफल भएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । पार्टी पदाधिकारी तथा सदस्यहरूले धारणा व्यक्त गर्ने क्रम बाँकी रहेकाले बैठक पुनः मङ्गलबार बिहान ११:०० बजे बस्ने उहाँले बताउनुभयो । आजको बैठकमा सहमहामन्त्रीहरू फरमुल्लाह मन्सुर, महेन्द्र यादव, बद्री पाण्डे, जीवन परियार र कार्यसम्पादन समितिका सदस्यहरू गोपालमान श्रेष्ठ, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, अर्जुननरसिंह केसी, प्रवक्ता डा प्रकाशशरण महत, बलबहादुर केसी, डा नारायण खड्का, जीपछिरिङ लामा, सुजाता कोइराला, एनपी साउँदले आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

यस्तै, बैठकमा आमन्त्रित केन्द्रीय सदस्यहरू डा मीनेन्द्र रिजाल र मीन विश्वकर्मा, प्रदेश सभापतिहरू अमरसिंह पुन (लुम्बिनी प्रदेश) र वीरबहादुर बलायर (सुदूरपश्चिम प्रदेश)ले आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।रासस

# टी–२० विश्वकपको ट्रफी नेपालमा आउनु गौरवपूर्णः राष्ट्रपति पौडेल




**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले टी– २० विश्वकपको ट्रफी नेपाल आउनु देशका लागि गौरवपूर्ण क्षण भएको बताउनुभएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा आज आयोजित विश्वकप ट्रफी सार्वजनिकीकरण समारोहमा उहाँले यस ऐतिहासिक अवसरले नेपाल विश्व क्रिकेटको केन्द्रतर्फ अग्रसर भइरहेको सन्देश विश्वभर फैलाएको धारणा व्यक्त गर्नुभयो । राष्ट्रपति पौडेलले भन्नुभयो, "नेपाल आज खेलप्रेमी राष्ट्रको रूपमा सशक्त रूपमा स्थापित हुँदै गएको छ । क्रिकेटले देशलाई एकतामा बाँध्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ, यसको व्यावसायिक विकाससँगै खेल क्षेत्रमार्फत नेपाली युवाको उज्ज्वल भविष्य निर्माण हुने आधारसमेत सुदृढ बन्दै गएको छ ।"

उहाँले खेल क्षेत्रमा आवश्यक संरचना, अवसर र सम्भावनाहरू क्रमशः विकास हुँदै जानु नेपालका लागि सकारात्मक सङ्केत भएको धारणा राख्नुभयो । राष्ट्रपति पौडेलले नेपालमा विश्वकप ट्रफी ल्याई नेपाली क्रिकेट र जनताको उत्साह एवं आत्मविश्वास अभिवृद्धि गर्ने काम गरिएकामा अन्तरराष्ट्रिय क्रिकेट परिषद्प्रति धन्यवाद व्यक्त गर्नुभयो ।

उहाँले नेपालमा आयोजना हुन गइरहेको महिला विश्व कप छनोट प्रतियोगिता तथा भारत र श्रीलङ्कामा आयोजना हुन गइरहेको टी–२० विश्वकपमा सहभागी हुने महिला तथा पुरुष राष्ट्रिय क्रिकेट टोलीलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना व्यक्त गर्नुभयो ।रासस

# नारायणीबाट बस्ती जोगाउन नगरप्रमुख दाहालको अग्रसरता

भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले आज नारायणी नदी किनारस्थित तटबन्धको अनुगमन तथा निरीक्षण गर्नुभएको छ ।

जनताको जीउधनको सुरक्षासँग जोडिएको नारायणी नदीअन्तर्गत भरतपुर महानगर क्षेत्रका करिब ३५ किलोमिटर तटीय क्षेत्रमा आवश्यकताअनुसार विभिन्न चरणमा तटबन्ध निर्माणको काम भइरहेको नगरप्रमुख दाहालले बताउनुभयो । उहाँका अनुसार अत्यन्त जोखिमयुक्त २५ किलोमिटर क्षेत्रमा ठेक्का प्रक्रियामार्फत तटबन्ध निर्माणको काम सम्पन्न हुने चरणमा छ भने बाँकी १० किलोमिटर क्षेत्रमा जोखिमका आधारमा निर्माण प्रक्रिया अघि बढाइएको छ ।

पच्चिस किलोमिटर क्षेत्रलाई पाँच–पाँच किलोमिटर खण्डमा विभाजन गरी काम भइरहेको छ । बाँकी १० किलोमिटर प्रक्रियामै छ । एकैपटक गर्न पाए अझ राम्रो हुन्थ्यो । तर उपलब्ध स्रोत र जोखिमका आधारमा प्राथमिकता दिँदै काम गर्दै आएका छौँ नगरप्रमुख दाहालले भन्नुभयो ।

यस योजनाका लागि अर्बौं रुपैयाँ बजेट आवश्यक पर्ने उल्लेख गर्दै उहाँले बाँकी क्षेत्रमा छिट्टै प्रक्रिया अघि बढाइने प्रतिबद्धता व्यक्त गर्नुभयो । "अब ढिलाइ हुँदैन, यहाँका जनतालाई सुरक्षित बनाइन्छ नगरप्रमुख दाहालले बताउनु भयो । नारायणी नदी व्यवस्थापन आयोजनासँग समन्वय गरी काम भइरहेको र यसलाई पूर्णता दिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नगरप्रमुख दाहालले आफू निर्वाचित भए लगत्तै यो काम सुरु गरिएको उल्लेख गर्दै भरतपुरमा धेरै विकास भइसकेको र बाँकी रहेका केही स्थानको विकास प्राथमिकताका साथ अघि बढाइने बताउनुभयो । पहिलो चरणमा मानव बस्ती जोखिममा रहेका क्षेत्रमा तटबन्ध निर्माण सम्पन्न भएपछि दोस्रो चरणमा अन्य क्षेत्रमा योजना ल्याइने उहाँको भनाइ छ । अनुगमनका क्रममा नगरप्रमुख दाहालले नारायणी किनारका स्थानीयवासीसँग छलफल गर्नुभयो । सो अवसरमा भरतपुर–१६ का डिल्लीराम दवाडीले बाँकी तटबन्ध निर्माण कार्य शीघ्र पूरा गर्न अनुरोध गर्नुभयो । सोही वडाका अब्दुल कलामले तटबन्ध पूरा गरी बस्ती जोगाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । स्थानीय नन्दप्रसाद भट्टले बस्ती सुरक्षित भएकामा खुसी व्यक्त गर्दै बाँकी तटबन्ध छिटो सम्पन्न गर्न आग्रह गर्नुभयो । अनुगमनका क्रममा सँगै रहनुभएका नारायणी नदी व्यवस्थापन आयोजनाका प्रमुख नारायण सुवेदीले सीमित स्रोतसाधनका बाबजुद पनि बढी जोखिमयुक्त स्थानमा प्राथमिकताका साथ काम भइरहेको बताउनुभयो । अन्य नदीको तुलनामा नारायणीमा उल्लेखनीय काम भएको उल्लेख गर्दै उहाँले महानगरपालिकासँगको समन्वयमा काम छिटो सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नगरप्रमुख दाहालले भरतपुर–१६ गणेशमन्दिर, २६ भगौडी लगायतका क्षेत्रको तटबन्धको कामको निरीक्षण तथा अनुगमन गर्नुभएको थियो ।रासस

# परिषद्मा विद्यार्थीका कला प्रदर्शनी

लतिलकला क्याम्पस भोटाहिटीमा ललितकलामा स्नातक गरेका विद्यार्थीहरूले काठमाडौँमा भएको प्रदर्शनीमा आफ्ना सिर्जना प्रस्तुत गरेका छन् ।

नेपाल कला परिषद्मा जारी विद्यार्थीका कला प्रदर्शनीमा ३२ जना विद्यार्थीहरू सहभागी छन् । प्रदर्शनीमा ब्याच २०७७ का विद्यार्थीका दर्जनौँ कलाहरू प्रस्तुत गरिएको छ । कुनै विद्यार्थीका भने पाँच वटाभन्दा बढी कलाहरू पनि समावेश गरिएको छ ।

यहाँ विद्यार्थीमा भएका धेरैखालका सीप ज्ञान र आइडियालाई 'सेन्थेसिस' शीर्षकमा आयोजना गरिएको कला प्रदर्शनीमा प्रस्तुत भएको छ । यो प्रदर्शनी विद्यार्थीहरूको सामूहिक सिर्जनाको सङ्ग्रह हो । भिक्षु अनन्तो बुढा मगरले टेराकोटा, ह्वाइट सिमेन्ट र सेरामिक्समा छुट्टाछुट्टै कला प्रस्तुत गर्नुभएको छ ।

वुद्ध दर्शनलाई केन्द्रमा राखेर उहाँले विभिन्न सन्देशमूलक कला सिर्जना गर्नुभएको छ । मानिसको दुखी हुँदाको अवस्थालाई कालामार्फत उहाँले देखाउनुभएको छ । ध्यान मुद्रा, आमा र बच्चाको मायालाई उहाँले प्रस्तुत गर्नुभएको छ । आत्मिक तथा मानसिक भाव उहाँको कलामा देखिन्छ । विद्यार्थीहरूले समसामयिक विषयका साथै दैनिक जनजीवन, सम्पदा, संस्कृति र प्रकृतिसँग सम्बिन्धत कला समावेश छ ।

नेपाल ललितकला क्याम्पसका प्रमुख डा यमप्रसाद शर्माले विद्यार्थीहरूको आन्तरिक र बाह्य भावलाई प्रस्तुत गरेको र यसले विद्यार्थीले आफ्नो प्रतिभा देखाएका बताउनुभयो । उहाँले आन्तरिक र बाह्य कुराको आन्दोलनलाई विद्यार्थीले कलामार्फत प्रस्तुत गरेका बताउनुभयो ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले विद्याथीहरूले कला उत्कृष्ट रहेको प्रतिक्रिया दिँदै प्रदर्शनीले उनीहरूलाई प्रोत्साहन मिलेको बताउनुभयो । विद्यार्थीहरूले अध्ययनमा आफूले सिकेका सीपलाई यहाँ प्रस्तुत गरेका र उनीहरूका कला समग्रमा व्यावसायिक झै नै देखिएको बताउनभयो । रासस

# युके पठाइदिने भन्दै ठगी गर्ने तीन जना पक्राउ

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी युके पठाइदिने भन्दै रकम ठगी गरेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा दाङ राप्ति गाउँपालिका–१ बस्ने प्युठान, प्युठान नगरपालिका–९ घर भएका ३९ वर्षीय इन्द्रबहादुर केसी, काठमाडौँ स्वयम्भू बस्ने धादिङ थाक्रे गाउँपालिका–५ का ४० वर्षीय आइते तामाङ र काठमाडौँ महानगरपालिका–१५ बस्ने ३४ वर्षीय विजय गुरूङ रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार पक्राउ परेकामध्ये इन्द्र र आइतेले युके पठाइदिने भन्दै सात जना पीडितबाट रु १३ लाख र विजयले युके पठाइदिने भन्दै एक जना पीडितबाट रु पाँच लाख लिई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीको आधारमा पक्राउ गरिएको हो ।

पक्राउ परेकामध्ये इन्द्र र आइतेलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौँ तथा विजयलाई वैदशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको प्रवक्ता आचार्यले बताउनुभयो ।रासस

# कृषि क्षेत्रमा युवा पलायन सबैभन्दा ठूलो चुनौती

कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदन परियारले कृषि क्षेत्रमा देखिएको युवा पलायन सबैभन्दा ठूलो चुनौती भएको बताउनु भएको छ ।

नेपालगञ्जमा दुई दिनदेखि सञ्चालन भएको उच्च मूल्य कृषिवस्तु उत्थानशिल कार्यक्रमको समापनमा मन्त्री डा परियारले वैदेशिक रोजगारीका लागि युवाको पलायन चिन्ताजनक रहेको उल्लेख गर्नुभयो । स्थानीय तहलाई कृषिमा उच्च प्राथमिकतामा दिन आग्रह गर्दै उहाँले स्थानीय तहको बजेट नियाल्दा कृषिलाई बजेटमा कम महत्व दिएको बताउनुभयो ।

स्थानीय तहको भौतिक संरचनामा बढी लगानी देखिएको छ तर कृषि जस्तो महत्वपूर्ण क्षेत्र प्राथमिकतामा परेको छैन मन्त्री डा परियारले बताउनुभयो । उहाँले कृषिमा प्रविधि महिलामैत्री नभएकामा जोड दिँदै नेपालको कृषि नीतिले समावेशीकरणलाई जोड दिन आवश्यक भएको धारणा व्यक्त गर्नुभयो । कृषि क्षेत्रको विकासका लागि तीन तहका सरकारले मिलेर काम गर्नुपर्नेमा जोड दिँदै मन्त्री डा परियारले स्थानीय तहमा देखिएका कृषिका समस्या पहिचान गर्न कार्यक्रम फलदायी भएको बताउनुभयो ।

कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले अहिलेको संविधानको सुन्दर पक्ष स्थानीय तहको अधिकार भएकामा जोड दिँदै स्थानीय तहले यसलाई कार्यान्वयनमा लैजानुपर्ने बताउनुभयो । उहाँले कर्णाली प्रदेशले कृषि विकासको दिगो योजना बनाउन सबै कानुन निर्माण गरेको जानकारी दिँदै कृषिमा परागशेचन रणनीति निर्माण हुन लागेको बताउनुभयो ।

सुदूरपश्चिम प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापाले तीन तहका सरकार सहभागी हुने यस परियोजनाबाट लक्षित समुदाय लाभावन्वित हुनुपर्नेमा जोड दिँदै नीतिलाई प्राथमिकता दिँदा दिगोपन आउन कठिनाई हुने गरेको बताउनुभयो । लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका २१ जिल्लाका ८० स्थानीय तहमा स्थानीय कृषि पारिस्थितीकीय अवस्था, बजार सम्भाव्यता र जलवायु उत्थानशील क्षमताको आधारमा उच्च मूल्य भएका कृषिवस्तुको पहिचान र प्रवर्द्धनमा यस परियोजनाले जोड दिएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा रामकृष्ण श्रेष्ठले ४० प्रतिशत रैथाने किराका जात लोप हुन थालेकामा चिन्ता व्यक्त गर्र्दै नेपालमा प्रमुख अन्नबालीको आयातमा निर्भरता बढेको बताउनुभयो । उच्च मूल्य कृषिवस्तु उत्थानशिल कार्यक्रम २०८१ सालमा नेपाल सरकार र कृषि विकासका लागि अन्तरराष्ट्रिय कोषबीच भएको वित्तीय सम्झौता हो । सो अभिमुखीकरणमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका २१ जिल्लाका नगरप्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# ऐतिहासिक भागदेगः मन्दिर पुनःनिर्माणको अन्तिम चरणमा

विश्व सम्पदा सूचीमा सूचीकृत ललितपुरको पाटन दरबार क्षेत्रभित्र अवस्थित ऐतिहासिक भागदेगः मन्दिरको पुनःनिर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

विसं २०७१ मा पुनःनिर्माणको काम सुरु भए पनि कछुवाको गतिमा काम अघि बढेकाले अब केही महिनाभित्र सम्पन्न हुने भएको छ । विसं १९९० को विनाशकारी भूकम्पबाट क्षति पुगेको भागदेगः मन्दिरको पुनःनिर्माण समयमै अघि बढ्न नसक्दा यो ऐतिहासिक सम्पदा लामो समयसम्म जीर्ण अवस्थामा रह्यो ।

विसं २०७२ को भूकम्पबाट क्षतिग्रस्त पाटन दरबार क्षेत्रका अधिकांश सम्पदा पुनःनिर्माण भइसके तर विसं १९९० कै भूकम्पले क्षति पुर्‍याएको भागदेगः मन्दिर भने अझै निर्माणाधीन रहँदै आएको छ ।

पाटन दरबार सङ्ग्रहालय विकास समितिका सदस्य वीरन्द्रराज श्रेष्ठका अनुसार अबको तीन महिनाभित्र मन्दिरको पुनःनिर्माण कार्य सम्पन्न हुनेछ । पुनःनिर्माण ढिलाइ हुनुको मुख्य कारण बजेट अभाव रहेको उहाँले बताउनुभयो । ललितपुर महानगरपालिकाले हरेक वर्ष सीमित बजेट मात्र छुट्याउँछ । त्यही बजेट र केही दातृ निकायको सहयोगमा काम अघि बढाइएको हो । अहिले करिब काम सकिएको छ र केही महिनामै सम्पन्न हुन्छ उहाँले बताउनुभयो ।

सुरुमा मन्दिर पुनःनिर्माणका लागि रु चार करोड लागत अनुमान गरिएको थियो । तर विसं २०७२ को भूकम्पपछि मन्दिरको जग हल्लिएको हुन सक्ने आशंकाका कारण जग नै फेर्नुपर्ने अवस्था आयो । यससँगै निर्माणमा ढिलासुस्ती र महँगी बढ्दा कूल लागत बढेर करिब रु नौ करोड पुगेको छ । ललितपुर महानगरपालिका तथा विभिन्न दातृ निकायको सहयोगमा पुनःनिर्माण कार्य भइरहेको छ ।

इतिहासअनुसार भागदेगः मन्दिर मल्लकालीन समयमा भारदारहरूले निर्माण गरेका हुन् । पाटन दरबार सङ्ग्रहालय विकास समितिका सदस्य वीरन्द्र श्रेष्ठका अनुसार तत्कालीन समयमा भगीराज भैयाले उक्त भागदेगः मन्दिर निर्माण गराएका थिए । ऐतिहासिक, सांस्कृतिक र धार्मिक दृष्टिले महत्त्वपूर्ण यस मन्दिरको पुनःनिर्माण सम्पन्न भएपछि पाटन दरबार क्षेत्रको सौन्दर्य र सम्पदा संरक्षणमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ ।रासस

# अण्डाको मूल्य घट्यो

अण्डाको मूल्य घटेको छ । नेपाल लेयर्स कुखुरापालक सङ्घले फार्महरूसँग लिएको मूल्यलाई एकीकृत गरी भोलिदेखि लागू हुने गरी अण्डामा प्रतिक्रेट रु ९० घटाएको जनाए हो ।

फार्ममा ठूलो अण्डा रु ५६५ प्रतिक्रेट ९३० वटाको० पुगेको अण्डाको मूल्य घटेर रु ४७५ मा झरेको हो । यस्तै, मिडियम अण्डाको प्रतिक्रेट रु ५५० बाट रु ४६० मा झरेको सङ्घले जनाएको छ ।

सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार ठूला फार्म बाट दररेट लिएर समर्थन मूल्य तोकिएको हो । यससँगै उपभोक्ता मूल्य प्रतिगोटा रु २५ बाट रु २० मा झारिएको छ ।

बढ्दो जाडोसँगै उपत्यका र हिमाली भेगमा विद्यालय बन्द र गतिविधि कम भएको, पर्यटकको आगमन घट्दै गएको, अण्डाको मूल्य राम्रो पाइने आशामा कुखुरा बिक्री नगरी अण्डा उत्पादन गरिरहेकालगायत कारणले मूल्य घटेको हो ।

पहिलेको तुलनामा हाल खपत कम र उत्पादन बढी भएको उल्लेख गर्दै अध्यक्ष पोखरेलले जाडो कम हुँदै गएर जनजीवन सहज भएसँगै पुनः अण्डाको माग बढ्ने बताउनुभयो । "अण्डाको उत्पादन लागत मूल्य प्रतिगोटा १९ रुपैयाँ १२ पैसा पर्न आउँछ । यसलाई हिसाब गर्दा किसानको लागत मूल्य प्रतिक्रेट ५७४ रुपैयाँ छ पैसा पर्न आउँछ । लागत मूल्य नजिक पुगेको अवस्थामा पुनः अण्डाको मूल्य घटेपछि किसानलाई थप नोक्सान हुनेभएको छ", उहाँले भन्नुभयो ।

सङ्घले बजारको अवस्थाअनुसार अण्डाको समर्थन मूल्य तलमाथि गर्ने गरेको छ ।रासस



**हुस्सुले ढाकेको धनुषसागरः** *हुस्सुले ढाकेको जनकपुरधामको राम मन्दिरस्थित पवित्र सरोवर धनुषसागर र आसपासको क्षेत्र । जनकपुरधामलगायत तराईमा पछिल्ला दिनमा कुहिरो र हुस्सुले जनजीवन प्रभावित बनेको छ । तस्बिरः रासस*

# मधेशमा शीतलहर जारी, मुसहर समुदायलाई दुई छाक टार्ने समस्या



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा दुई साताभन्दा बढी समयदेखि निरन्तर चलेको शीतलहरले जनजीवन अत्यन्त कष्टकर बनेको छ । विशेषगरी दैनिक ज्यालादारीमा निर्भर वर्ग—रिक्सा चालक, जुत्ता मर्मत गर्ने, गाउँ–सहर डुल्दै खानेकुरा बेच्ने मजदुरीकालागि घरबाहिर निस्कन नसक्दा रोजीरोटीको गम्भीर संकटमा परेका छन् ।

शीतलहरको सबैभन्दा ठूलो मार मधेशको सीमान्तकृत मुसहर समुदायले व्यहोर्नुपरेको छ । खेतबारी तथा साहुका घरमा मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका मुसहर परिवारहरू यतिबेला दैनिकी चलाउनकै लागि ऋण खोज्न बाध्य छन् । तर गरिबीका कारण उनीहरूलाई सहजै ऋण पत्याउने कोही छैन ।

२०७८ सालको जनगणना अनुसार महोत्तरी जिल्लामा मुसहर समुदायको जनसंख्या २७ हजार ३ सय ५२ छ । शिक्षामा पहुँच अत्यन्त कमजोर रहेका यस समुदायका बालबालिका ईँटाभट्टा, पसल तथा विभिन्न श्रममा संलग्न हुन बाध्य छन् । कतिपय कलिलै उमेरमा भारतका विभिन्न सहरमा मजदुरी गर्न जाने गरेको स्थानीय बताउँछन् । अहिलेको शीतलहरले दैनिक ज्यालादारीमै निर्भर परिवारलाई दुई छाक खान जोहो गर्नसमेत कठिन बनाएको छ ।

महोत्तरीको भटुलियाका बेचन सदा भन्छन्, 'घरमा जम्मा गरेर राखेको सबै अन्न सकियो । अत्यधिक जाडोका कारण काम गर्न निकै गाह्रो भएको छ । तर सरकारले हामीजस्ता गरिब जनता, त्यसमाथि मुसहर समुदायलाई हेरेको जस्तो लाग्दैन । अब कसरी गुजारा गर्ने ?'

मुसहर समुदायको जीवनयापनको मुख्य आधार कृषि मजदुरी हो । तर दुई सातादेखि काममा जान नपाउँदा उनीहरू गम्भीर संकटमा फसेका छन् । स्थानीय भुली सदा भन्छिन्, 'हामीलाई हेर्नेबाला कोही छैन । अरूको खेतबारीमा काम गरेर जिउँदो थियौँ । अहिले चिसोले शरीरले पनि काम गर्न साथ दिँदैन । कहिलेकाहीँ अरूको घुरामा गएर आगो ताप्छु । अहिलेसम्म सरकारले कुनै राहत दिएको छैन ।'

एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डल भने चिसोबाट प्रभावित नागरिकका लागि राहत वितरण प्रक्रिया अघि बढेको बताउँछन् । 'यस विषयमा बैठक बसेको छ । अब तीन–चार दिनभित्र राहत सामग्री वितरण गर्ने तयारीमा छौँ,' उनले भने ।

जाडो र भोको पेटका कारण विपन्न वर्ग राति निद्रा नलाग्ने समस्याबाट पनि पीडित छन् । सडकछेउबाट बटुलेका प्लास्टिकका झुत्रा र खरपात बालेर बनाइएको घुर नै उनीहरूको एक मात्र सहारा बनेको छ ।

मनरा सिसवा नगरपालिकाको मनरा क्षेत्रका बासिन्दा रवि सदा भन्छन्, 'दाउरा बाँड्ने हल्ला त सुनेका छौँ । तर अहिलेसम्म केही आएको छैन । दाउराले जाडो त काटिएला, तर पेट केले भर्ने ? भोट माग्ने बेला नेता–कार्यकर्ता खुट्टासम्म आइपुग्छन्, तर अहिले परेको बेला कोही देखिँदैन ।' यस विषयमा मनरा सिसवा नगरपालिकाका मेयर मोहन पाण्डेले यति गम्भीर अवस्था आउनुनपर्ने अनुमान व्यक्त गर्दै राहत तयारी भइरहेको बताएका छन् । 'हाम्रो पालिकामा यस्तो समस्या नहुनुपर्ने हो । तर अहिले हामी दाउरा वितरणको तयारीमाछौँ । यदि खानाका लागि अन्नको समस्या देखिएमा सम्बन्धित स्थानमा पुगेर सहयोग गरिनेछ । नगरपालिकामा सम्पर्क गरे राहत प्याकेज उपलब्ध गराइनेछ,' उनले भने ।

# मनपरी निर्णय र निजीकरणको प्रयासविरुद्ध हरिखेतानका विद्यार्थी आन्दोलित

**हरिशंकर शर्मा**
**वीरगंज ।**
वीरगंजस्थित हरिखेतान बहुमुखी क्याम्पसमा व्यवस्थापन पक्षले मनोमानी निर्णय गर्दै क्याम्पसलाई निजीकरणतर्फ लैजान खोजेको आरोपसहित विद्यार्थीहरूले आन्दोलनमा उत्रेका छन् । व्यवस्थापनका पछिल्ला निर्णयहरूले शैक्षिक वातावरणमा नकारात्मक असर परेको भन्दै विद्यार्थीहरू आन्दोलित भएका हुन् ।



व्यवस्थापन पक्षले सुस्मिता यादवलाई संयोजक पदमा नियुक्ति गरेको विषय अहिले विवादको मुख्य कारण बनेको छ । विद्यार्थीहरूको भनाइमा नियुक्तिमा कुनै पारदर्शी प्रक्रिया अपनाइएको छैन । व्यवस्थापन पक्षले आफ्नै इच्छाअनुसार विवादास्पद पदमा नियुक्ति गरेपछि क्याम्पसभित्र असन्तोष चुलिएको उनीहरूको आरोप छ ।

सोमबार बिहानैदेखि विद्यार्थीहरू क्याम्पसको मुख्य गेट अगाडि भेला भएर धर्नामा बसेका थिए । त्यसपछि उनीहरूले ठूलो संख्यामा ¬याली निकाल्दै वीरगंज बजारका प्रमुख सडकहरू परिक्रमा गरेका थिए । ¬याली जिल्ला प्रशासन कार्यालय पर्सा पुगेपछि त्यहाँ पनि केही समय धर्ना दिँदै चर्को नाराबाजी गरिएको थियो । प्रदर्शनका क्रममा 'क्याम्पस निजीकरण बन्द गर', 'व्यवस्थापनको मनोमानी मूर्दावाद', 'विद्यार्थी सुविधा बढाऊ' जस्ता नाराहरू गुन्जिएका थिए ।

विद्यार्थीहरूका अनुसार क्याम्पस प्रशासनले पूर्वाधार विकास, कक्षाकोठा व्यवस्थापन, प्रयोगशाला उपकरणको व्यवस्था तथा विद्यार्थी यातायात सुविधाका विषयमा पटकपटक व्यवस्थापनको ध्यानाकर्षण गराउँदै आएपनि ती मागलाई बेवास्ता गरिएको छ । उनीहरूको आरोपमा व्यवस्थापन पक्षले शैक्षिक सुधारमा ध्यान दिनुको साटो आफ्ना नजिकका व्यक्तिहरूलाई नियुक्ति दिई तलब भत्ता वितरण गर्ने तथा क्याम्पसलाई भर्ती केन्द्रझैँ प्रयोग गर्ने कार्य गरिरहेको छ । सुस्मिता यादवको नियुक्तिलाई पनि यही प्रक्रियाको निरन्तरता भएको विद्यार्थीहरूको ठहर छ ।

विद्यार्थीहरूले व्यवस्थापन पक्षले क्याम्पस प्रशासनलाई अधिकारविहीन बनाउँदै सम्पूर्ण निर्णय आफूमा केन्द्रित गरेको आरोपसमेत लगाएका छन् ।

'यसले क्याम्पसको शैक्षिक वातावरण दिनप्रतिदिन बिग्रँदै गएको छ र हाम्रो भविष्य नै जोखिममा परेको छ,' आन्दोलनरत एक विद्यार्थीले बताए । यस आन्दोलनलाई विद्यार्थीहरू मात्र नभई क्याम्पसका शिक्षक, कर्मचारी तथा प्रशासन पक्षका केही व्यक्तिहरूले समेत नैतिक समर्थन जनाएका छन् । उनीहरूले पनि व्यवस्थापनका निर्णयप्रति असहमति जनाउँदै मागहरू पूरा नभए आन्दोलनमा सक्रिय रूपमा साथ दिने चेतावनी दिएका छन् ।

हरिखेतान बहुमुखी क्याम्पसमा यसअघि पनि यस्तै प्रकृतिका विवादहरू पटकपटक उठ्दै आएका छन् । नियुक्ति प्रक्रियामा पारदर्शिता नअपनाइएको तथा आर्थिक अनियमितताको आरोपसमेत विगतदेखि लाग्दै आएको छ ।

विद्यार्थीहरूले क्याम्पसलाई सार्वजनिक र गुणस्तरीय शैक्षिक संस्थाका रूपमा सञ्चालन गर्नुपर्ने, नियुक्ति प्रक्रियामा पूर्ण पारदर्शिता अपनाउनुपर्ने तथा विद्यार्थी सुविधामा पर्याप्त लगानी गर्नुपर्ने मुख्य माग अघि सारेका छन् । ती मागहरू तत्काल सम्बोधन नभए आन्दोलनलाई निरन्तरता दिने र आवश्यक परे अनिश्चितकालीन तालाबन्दीसम्म जाने चेतावनीसमेत दिएका छन् ।

# कारागारबाट फरार व्यक्ति चोरीको मोटरसाइकलसहित पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रहरीले कारागारबाट फरार प्रतिवादीसहित मोटरसाइकल चोरी गरेको अभियोगमा दुई जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा जुम्ला, सिन्जा गाउँपालिका–२ घर भई हाल काठमाडौँ तारकेश्वर नगरपालिका–११ डाँडागाउँ हिलेटोलस्थित डेरा गरी बस्ने २० वर्षीय हरिशङ्कर शर्मा र काठमाडौँ महानगरपालिका–१८ नरदेवीका २० वर्षीय रोहित खड्गी शाही रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए ।

उनका अनुसार शर्माको डेरामा लुकीछिपी बसिरहेको अवस्थामा केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल काठमाडौँबाट भागी फरार भएको चोरी मुद्दाको प्रतिवादी रोहित खड्गी शाहीलाई प्रहरीले फेला पारेको हो ।

यसैगरी निज शर्माकै कोठामा काठमाडौँ वसुन्धराबाट चोरी भएको लु५८प ३९७५ नम्बरको रातो रङको एफजेड मोटरसाइकल, भक्तपुर ठिमी एरियाबाट चोरी भएको वास्तविक नम्बर प्लेट बागमती प्रदेश ०२–०६२५ ६३७० लाई हटाई बागमती प्रदेश ०२–०६० प ९७८६ नम्बरको नक्कली नम्बर प्लेट जडान गरेको अवस्थाको केटिएम डुक मोटरसाइकल र सामसुङ कम्पनीको मोबाइल एक थानसमेत फेला पारको छ । पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताए ।

यसैबीच प्रहरीले सुनका गरगहनालगायतका सामान चोरी गरेको अभियोगमा एक जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा धादिङ त्रिपुरासुन्दरी गाउँपालिका–५ घर भई हाल काठमाडौँ तारकेश्वर नगरपालिका–५ गोलढुङ्गा बस्ने २२ वर्षीय मनोज थापा रहेको जिल्ला प्रहरी परिसरका प्रवक्ता भट्टराईले जानकारी दिए ।

उनले भने, 'काठमाडौँ महानगरपालिका–१६ माछापोखरीस्थित एक कोठाबाट सुन, मोबाइल, घडीलगायतका धनमाल चोरी भएको भन्ने सूचनाका आधारमा प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा निज थापाको घर खानतलासी गर्ने क्रममा सुनका सामानसहित पक्राउ गरिएको हो ।'

पक्राउ परेका निज थापाको घरबाट सुनजस्तो देखिने पहेँलो धातुले बनेको पोतेसहितको तिलहरी एक थान, सुनजस्तो देखिने पहेँलो धातुले बनेको औँठी एक थान, आइफोन एक थान, सामसुङ कम्पनीको आइप्याड एक थान, रियलमी कम्पनीको मोबाइल एक थान, आइटेल लेखिएको कि प्याड मोबाइल एक थान, गितार दुई थान, क्यासियो लेखिएको घडी एक थान तथा पाइनिङ लेखिएको पावर ब्याङ्क एक थान बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका थापाविरुद्ध काठमाडौँ जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताए ।

# करदाता सेवा कार्यालय जलेश्वर खारेज

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल सरकारको निर्णयअनुसार करदाता सेवा कार्यालय जलेश्वर खारेज गरिएको छ ।

आन्तरिक राजस्व कार्यालय जनकपुरले जारी गरेको सूचनाअनुसार पुष २१ गतेदेखि जलेश्वर कार्यालयबाट प्रदान हुँदै आएका सबै करसम्बन्धी सेवा अब कोष तथा लेखा नियन्त्रक कार्यालय जलेश्वरमार्फत उपलब्ध हुनेछन् ।

आन्तरिक राजस्व कार्यालय जनकपुरका कर अधिकृत सुन्दर श्याम ठाकुरका अनुसार करदाताहरूलाई यस परिवर्तनबारे समयमै जानकारी गराई आवश्यक सहजीकरण गर्न अनुरोध गरिएको छ ।

उनले सेवा स्थान परिवर्तन भएपछि करसम्बन्धी कार्यका लागि सम्बन्धित कार्यालयमा सम्पर्क गर्न आग्रह गरे ।

यस निर्णयसँगै जलेश्वरमा करदाता सेवा लिन चाहने नागरिकहरूले अब नयाँ स्थानमा पुगेर सेवा लिनुपर्ने भएको छ । सम्बन्धित कार्यालयले करदातालाई असुविधा नहोस् भन्नाका लागि आवश्यक व्यवस्था मिलाइने जनाएको छ ।

# आफैँलाई गोली हानेर मृत्युवरण

**भक्तपुर ।**
मध्यपुरथिमि नगरपालिका–६ थिमिमा आफैँलाई गोली प्रहार गरी सोमबार ४० वर्षीय सनिप चाम्लिङ राईको मृत्यु भएको छ ।

ब्रिटिस आर्मीबाट अवकास प्राप्त आफ्नै भिनाजुको राइफलबाट गोली हान्दा राईको मृत्यु भएको प्रारम्भिक अनुसन्धानमा खुलेको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले जानकारी दिए ।

आफ्नो घरको कोठामा राईले राइफलबाट गोली हानेको र गोलीको आवाज सुनेर परिवारले घटनाबारे थाहा पाएपछि खबर गरेको उनले बताए ।

घनाबारे थप अनुसन्धान अगाडि बढाइएको प्रहरी उपरीक्षक खड्काले जानकारी दिए ।

आफ्नो घरको कोठामा राईले राइफलबाट गोली हानेको र गोलीको आवाज सुनेर परिवारले घटनाबारे थाहा पाएपछि खबर गरेको उनले बताए । घनाबारे थप अनुसन्धान अगाडि बढाइएको प्रहरी उपरीक्षक खड्काले जानकारी दिए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन